# राप्ती गाउँपालिकाको

# स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७/०७८

# Local Disaster Preparedness and Response Plan 2077/078




- खोज तथा उद्धार, पूर्वसूचना र समन्वय,
- स्वास्थ्य, खानेपानी तथा सरसफाई र पोषण
- संरक्षण
- शिक्षा
- आवास तथा गैह्रखाद्य सामग्री
- खाद्य तथा कृषि
- राहत पनु:स्थापना तथा पुन:निर्माण

## स्थानीय विपद् ब्यवस्थापन समिति, राप्ती गाउँपालिका, दाङ

## Local Disaster Management Committee (LDMC), Rapti Rural Municipality, Dang

# गुणस्तर र उत्तरदायित्वहरुसँग सम्बन्धित आधारभूत मानवीय मापदण्डहरू




**स्थानीय बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७/०७८, राप्ती गाउँपालिका, दाङ**

Local Disaster Preparedness and Response Plan 2077/2078, Rapti Rural Municipality Dang

प्रकाशक : स्थानीय बिपद् ब्यवस्थापन समिति, राप्ती गाउँपालिका, दाङ

प्रकाशन मिति : २०७७ पुस

व्यवस्थापन : स्थानीय बिपद् ब्यवस्थापन समिति, राप्ती गाउँपालिका, दाङ

सर्वाधिकार : ©प्रकाशकमा

मुद्रण : मध्यपश्चिम सप्लायर्स

स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७/०७८ निर्माणका लागी

प्राविधिक सहयोग : सन्तोष ढकाल, नेपाल रेडक्रस सोसाइटी

आर्थिक सहयोग : नेपाल रेडक्रस सोसाइटी, बिपद् पुर्वतयारी तथा बाढी पुर्व सूचना प्रणाली सवलीकरण (SEPEDRR) परियोजना

## बिपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन २०७४ अनुसार




**स्थानीय बिपद् व्यवस्थापन समिति राप्ती गाउँपालिका**

| | |
|---|---|
| गाउँपालिका प्रमुख | अध्यक्ष |
| गाउँपालिका उपप्रमुख | सदस्य |
| प्रमुख प्रशाशकिय अधिकृत | सदस्य |
| वडाध्यक्षहरु सबै वडाको | सदस्य |
| विषयगत समितिका संयोजकहरु | सदस्य |
| नेपाल रेडक्रस सोसाइटी तथा गैह्रसरकारी संस्थाको प्रतिनिधी | सदस्य |
| प्रतिनिधी जिल्ला प्रशासन कार्यालय | सदस्य |
| गा.पा.को भौगोलिक क्षेत्र भित्र रहेका संघिय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधी | सदस्य |
| गा.पा.को भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश सुरक्षा निकायका प्रमुख वा प्रतिनिधी | सदस्य |
| गाउँ/नगर प्रहरी प्रमुख | सदस्य |
| राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका स्थीत प्रमुख वा प्रतिनिधी | सदस्य |
| उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| गैह्रसरकारी महासंघको अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| नेपाल पत्रकार महासंघको अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| बिपद् व्यवस्थापन क्षेत्रमा अनुभव भएको एक महिला पर्ने गरी ३ जना | सदस्य |
| बिपद् व्यवस्थापन हर्ने गरी तोकिएको शाखा प्रमुख | सदस्य सचिव |

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरीया , देउखुरी,दाङ लुम्बिनी प्रदेश नेपाल

पत्र सं २०७७/७८ चलानी नं मितिः

**शुभकामना मन्तव्य**

यस राप्ती गाउँपालिकाको केन्द्र साविक लालमटिया, सिसहनिया र हाँसीपुर गा.वि.सको १ र २ नम्बर वडा समावेश गरी गाउँपालिका गठन भएको छ। पालिका भित्र रहेका विभिन्न प्रकारका जोखिमहरु आंकलन गरी पूर्वतयारी तथा न्यूनिकरण गर्नमा सहयोग पुग्ने ध्येयले निर्माण गरीएको छ। "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७७" छोटो समयमै यहाँहरुको माझमा तयार गरी प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

विपद् मानव सभ्यतामाथिको एक अहम चुनौती हो। कतिपय प्रकोपका क्रियाकलापहरु मानिसले बनाएका अत्याधुनिक प्रविधीले पनि अनुमान गर्न सक्दैनन् फलतः दुर्घटनाहरु त पूर्व सावधानी हुँदा पनि हुन जान्छन्। यद्यपी, घटनाहरु आकस्मिक हुन्छन्। विपद्, प्रकोप एक वृहत्स्तरको प्राकृतिक वा मानवनिर्मित अनपेक्षित विपद् हो जसले ठुलो मात्रामा भौतिक वा मानवीय क्षति तथा कहिलेकाँही प्रकृतीमै स्थायी परिवर्तनको सिर्जना गरीदिन्छ। विपद् पूर्वतयारी, विपद्को सयममा र विपद् पश्चात तथा दुर्घटनको समयमा उद्धार, सान्त्वना र पूर्नस्थापनाकार्यको ठुलो महत्व हुन्छ। प्राकृतिक वातावरणीय सन्तुलन कायम राख्नका लागि मानव समुदायको भुमिका ठुलो रहन्छ। उद्धार पछि सान्त्वनादिने तथा पूर्नस्थापना र पुननिर्माण पनि उत्तिकै महत्व हुन्छ। यस कारण उद्धार, पुर्नस्थापना र पुनर्निमाणका कार्यमा विपद्को क्षेत्रमा कार्यरत सवैको सहभागीता, समन्वय र सेवा प्रवाहमा महत्वपुर्ण भुमिका हुन्छ। मुलतः मानविय तथा भौतिक स्रोत साधन जुटाई प्रकोपका घटनाहरु रोकथाम, उद्धार र पुनर्निमाण गर्नु हो। यसकारण जनतालाई सचेत बनाउनाले प्राकृतिक घटनाबाट ठुलो क्षति बेहोर्नु पर्दैन्।

"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७७", ले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेटने प्रयास गरेको भएता पनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन्। यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको हामी सबैले महशुस गर्नुपर्ने हुन्छ। पूर्वतयारी तथा प्रतिकार्य योजना वृद्धिविकासको आधारको रुपमा रहने भएकाले राप्ती गाउँकार्यपालिकाको सम्पूर्ण टिम, प्रमुखप्रशासकीय अधिकृत, लेखा प्रमुख तथा सम्पुर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङक उपलब्ध गराउने सम्पुर्ण विषयगत शाखा, संघसंस्था, विभिन्न कलष्टरका प्रमुख तथा अन्य सबै गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु। यसै गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७७ समयमै सम्पन्न गर्न प्राविधिक सहयोग गर्ने नेपाल रेडक्रस सोसाइटी, दाङ, Practical Action-PM र परामर्शदातालाई हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमाः राप्ती गाउँपालिकाको समग्र विकासको आधारका लागि यो योजना मुख्यत विपद्बाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरु पुर्ति गर्नका निमित्त रचनात्मक र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरुलाई कम गराउन, यो "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७७", सहयोगी बनोस र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सवैलाई दिशानिर्देश प्राप्त होस् भन्ने सुभेच्छा प्रकट गर्दछु।

........
अध्यक्ष
नुमानन्द सुवेदी

पत्र सं २०७७/७८  चलानी नं  मितिः

## मन्तव्य

सामान्य स्वरुपमा भन्दा अलग रुपमा आइपर्ने विपद् वा संकटको अप्रयाशित समस्यालाई हल गर्ने कुनै सुनिश्चित् कार्यविधिहरु नहुन सक्छन् भए पनि काम नलाग्न सक्छन्, शतप्रतिशत लागु नहुन सक्छ। तसर्थ, यो आकस्मिक वा भैपरी आउने योजना हो । कुनै पनि विकासको मार्गदर्शन तयार गर्ने योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको सहयोग, सहकार्य, उपयोग र निरन्तर अनुगमन एवं मुल्याङ्कन र दिगोपनाका लागि आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७७" स्थानीय तहको आवश्यकता हो ।

विपद् बाट हुने मानवीय, आर्थिक, सामाजिक, मनोवैज्ञानिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने लक्ष्य रहेको छ। "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७७" ले विकासमा सवै क्षेत्र र विभिन्न चरणमा विपद् व्यवस्थापनलाई समाहित गराई विपद्बाट हुने मानवीय तथा भौतिक क्षतीलाई न्यूनीकरण हुने पनि एक हो । व्यक्ति, समाज, संगठन वा राष्ट्र सञ्चालनका क्रममा आइपर्ने अप्रत्याशित, असामान्य, अनपेक्षित वा आकस्मिक घटना नै विपद् हो । जसले तत्काल जोखिम हटाउने वा घटाउने क्षमताको खोजी गर्दछ वा त्यसको परिणामलाई सम्बोधन गर्ने समाथ्र्येको माग गर्दछ। विपद् व्यवस्थापनमा बढेर गएको चासोले प्राकृतीक वा मानवीय घटनाहरुको गहनतामा कमी ल्याउने आशा गर्न सकिन्छ । तसर्थ, "सबै विपद्हरु संकट हुन सक्छन् तर सवै संकटहरु विपद् हुन सक्दैनन्" । "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना -२०७७" तयार गर्ने क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्ष, लेखा अधिकृत, विषयगत शाखाका प्रमुख, विभिन्न कलष्टरका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, प्रहरी तथा "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना -२०७७" लाई मुर्तरुप दिन प्राविधिक सहयोग पुऱ्याउनु हुने नेपाल रेडक्रस सोसाईटी दाङ, Practical Action PM र परामर्शदातालाई आर्दिक आभार व्यक्त गर्दछु।

अन्तमा, विपद् आफैमा समस्या हो । त्यसैले सामान्य तवरले सिर्जित संकटलाई वुद्धिमतापूर्वक एवं प्रभावकारी रुपले व्यवस्थापन गर्नका लागि"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना -२०७७" बनाइएको हो । योजनाको सफल कार्यान्वयन वाट विपद पूर्वतयारी र प्रतिकार्यमा सफलता प्राप्त हुने छ भन्ने सुभेच्छा व्यक्त गर्दछु।

धन्यवाद ।

.......................
शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**शब्द संक्षेप :**

| | |
|---|---|
| जि.वि.ब्य.स | जिल्ला बिपद् ब्यवस्थापन समिति |
| स्था.वि.ब्य.स | स्थानीय बिपद् ब्यवस्थापन समिति |
| DDMC | District Disaster Management Committee |
| LDMC | Local Disaster Management Committee |
| जिसस | जिल्ला समन्वय समिति |
| जिसअ | जिल्ला समन्वय अधिकारी |
| उमनपा/नपा/गापा | उपमहानगरपालीका/नगरपालिका/गाउँपालिका |
| जि.पु.का. | जिल्ला पूर्वाधार विकास कार्यालय |
| जि.शि.स.इ. | जिल्ला शिक्षा समन्वय इकाइ |
| स्वा.का. | स्वास्थ्य कार्यालय |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| ने. से. | नेपाली सेना |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| प्रउ | प्रहरी उपरीक्षक |
| सप्रउ | सशस्त्र प्रहरी उपरीक्षक |
| सप्रनाउ | सशस्त्र प्रहरी नायब उपरीक्षक |
| प्रनाउ | प्रहरी नायब उपरीक्षक |
| प्रनि | प्रहरी निरीक्षक |
| मबासशा | महिला बालबालिका तथा सामाजिक विकास शाखा |
| सप्रब | शसस्त्र प्रहरी बल |
| डि.व.का. | डिभिजन वन कार्यालय |
| जि.भु.सं का. | जिल्ला भु संरक्षण कार्यालय |
| ज.उ.प्र.नि.वि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| रा/अगैसस | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| LEOC | Local Emergency Operation Center |
| DEOC | District Emergency Operation Center |
| NEOC | National Emergency Operation Center |
| PEOC | Provincial Emergency Operational Center |
| UNICEF | United Nations International Children's Emergency Fund |
| DDRC | District Disaster Relief Committee |
| FNJDang | Federation of National Journalist Dang Branch |
| L-WASH CC | Local level Water Sanitation and Hygiene Coordination Committee |
| DHO | District Health Office |
| NRCS | Nepal Red Cross Society |
| PA | Practial Action |
| IRA | Initial Rapid Assessment |
| MIRA | Multi Initial Rapid Assessment |
| CSDA | Cluster Specific Details Assessment |
| PDNA | Post Disaster Need Assessment |

# विषय सूची


**परिच्छेद – १** ........ १
पृष्ठभूमी ........ १
१.१ राप्ती गाउँपालिकाको परिचय ........ १
१.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमीः ........ ४
१.३ राप्ती गाउँपालिकाको संक्षिप्त विपद्को स्थिति ........ ५
१.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य ........ ६
**परिच्छेद – २** ........ ७
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य ........ ७
२.१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा ........ ७
२.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका नतिजाहरु ........ ७
२.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया ........ ८
२.४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु ........ ९
२.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न कार्यहरु ........ ९
**परिच्छेद – ३** ........ १०
राप्ती गाउँपालिकामा विपद् जोखिमको अवस्था ........ १०
३.१ बिगतका विपद्हरूको विश्लेषण ........ १०
३.२ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था ........ ११
३.३ स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ ........ १२
३.४ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु ........ १२
३.५ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्साङ्कनः ........ १३
३.६ विपद् संकटासन्नता तथा क्षमता विश्लेषण ........ १४
३.४. समुदायको सामाजिक श्रोत/पुँजी ........ १५
३.७ विपद् जोखिम आँकलन तथा नक्शाङ्कन ........ १६
३.८ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण ........ १७
३.९ विषयगत क्षेत्रहरु ........ १७
**परिच्छेद – ४** ........ २१
सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि) ........ २१
४.१ प्राथमिकता प्राप्त पूर्वतयारी ........ २१
**परिच्छेद – ५** ........ २३
पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (बाढी) ........ २३
**परिच्छेद – ६** ........ २६
आपतकालीन प्रतिकार्य योजना ........ २६
६.१ खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र ........ २६
६.२ स्वास्थ्य, खानेपानी सरसफाइ तथा पोषण क्षेत्र ........ २९
६.३ संरक्षण विषयगत क्षेत्र ........ ३२
६.४ शिक्षा विषयगत क्षेत्र ........ ३५
६.५ आवास तथा गैरखाद्य विषयगत क्षेत्र ........ ३७
६.६ खाद्य तथा कृषि विषयगत क्षेत्र ........ ४१
६.७ राहत, पुनर्स्थापना तथा पुनर्निर्माण विषयगतक्षेत्र ........ ४३

**परिच्छेदः ७** ........ ४८
आवश्यकताको लेखाजोखा ........ ४८
७.१ निकायगत स्रोत साधनको आँकलन ........ ४८
**परिच्छेदः ८** ........ ४९
अन्य निकायहरुसँगको समन्वय र सहकार्य ........ ४९
**परिच्छेदः ८** ........ ५०
गाउँपालिकामा रहेका निकायहरुसँगको समन्वय र सहकार्य ........ ५०
**परिच्छेदः ९** ........ ५२
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ ५२
**परिच्छेदः १०** ........ ५३
अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ........ ५३
**अनुसूचीहरु** ........ ५४
अनुसूची १ः ........ ५४
अनुसूची २ः ........ ५५
अनुसूची ३ः ........ ५५
अनुसूची ४ः ........ ५५
अनुसूची ५ः ........ ५६
अनुसूची ६ः ........ ५६
अनुसूची ७ः ........ ५८
अनुसूची ८ः ........ ५८
अनुसूची ९ः ........ ५८
अनुसूची १०ः ........ ५९
अनुसूची ११ः ........ ५९
अनुसूची १२ः ........ ६०
अनुसूची १३ः ........ ६१
अनुसूची १४ः ........ ६१
अनुसूची १५ः ........ ६१
अनुसूची १६ः ........ ६२
अनुसूची १७ः ........ ६२
अनुसूची १८ः ........ ६३
अनुसूची १९ः ........ ६३
अनुसूची २०ः ........ ६३
**सन्दर्भ सामग्रीहरु** ........ ६४

# परिच्छेद – १

**पृष्ठभूमी**

**१.१ राप्ती गाउँपालिकाको परिचय**

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्ने दाङ जिल्लाको पूर्वी भागमा अवस्थित राप्ती गाउँपालिका भित्री मधेश तथा चुरेक्षेत्रमा रहेको छ। राप्ती गाउँपालिका साविकका २ वटा गाउँ विकास समिति लालमटिया र सिसहनीयाको सबै भाग तथा हाँसिपुर गाउँ विकास समितिको साविक वडा नं. १ र २ वडालाई एकीकृत गरि पुनसंरचना गरिएको हो । हाल गाउँपालिकालाई ९ वटा वडामा विभाजन गरिएको छ र यसको प्रशासनिक केन्द्र मसुरियामा राखिएको छ। यो गाउँपालिका २७ डिग्री ४९ मिनेट ५ सेकेण्डदेखि २७ डिग्री ५५ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांससम्म र ८२ डिग्री ३६ मिनेट ८ सेकेण्डदेखि ८२ डिग्रि ४८ मिनेट २६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ। गाउँपालिकाको कुल क्षेत्रफल १६१ वर्गकिलोमिटर रहेको छ। यस गाउँपालिकाको पूर्वमा राप्ती नदी, पारी अर्घाखाँची जिल्ला र दक्षिणमा राप्ती नदी तथा गढवा गाउँपालिका, उत्तरपूर्वमा प्यूठान, उत्तरमा बंगलाचुली गाउँपालिका तथा पश्चिममा लमही नगरपालिका, सिँगे खोला पर्दछ। यस गाउँपालिकाको बीचवाट करीव १५ कि.मि पूर्वपश्चिम राजमार्ग पर्दछ। गाउँपालिकाभित्र समथर र उर्वर समेत भएकाले कृषि खेती तथा तरकारीबालीको लागि राम्रो सम्भावना बोकेको छ।

ऐतिहासिक चिनारी तथा नामाकरणः

राप्ती गाउँपालिका जातिगत तथा साँस्कृतिक रुपमा बिशिष्टता र बिविधता बोकेको गाउँपालिका हो जहाँ आदिबासी थारु, ब्राह्मण, क्षेत्री, ठकुरी, मगर, दलित र मुस्लिमहरुको बसोबास रहेको छ। यस गाउँपालिकाको पूर्वी तथा दक्षिणी भागबाट समग्र देउखुरीकै सम्पत्ति, प्रमुख ऐतिहासिक श्रोतको रुपमा रहेको र समुन्नत कृषि प्रणालीको आधार राप्ती नदीले यस गाउँपालिकालाई चिनाएको छ। ऐतिहासिक तथा पर्यटकीय महत्व तथा प्रसिद्ध धार्मिक आस्थाको केन्द्रको रुपमा रहेका प्रसिद्ध भद्राक्षी देवी मन्दिर यसै गाउँपालिकामा पर्छ। स्वस्थानी व्रत कथामा उल्लेख भए अनुसार महादेव पत्नी सतीदेवीको देब्रे घुडा पतन भएको स्थान यो ऐतिहासिक तथा प्रसिद्ध ऐतिहासिक महत्वको स्थल यस गाउँपालिकाभित्र पर्दछ। राप्ती गाउँपालिको नामाकरण सम्बन्धमा रहेको धारणा अनुसार यो क्षेत्र देउखुरी उपत्यकाको जल भण्डारको रुपमा रहेको राप्ती नदीको सिंचित भूमि हो । यहाँ राप्ती र यसका सहायक नदीहरु पूर्ववाट क्रमशः पश्चिम तर्फ बहेका छन्। यो क्षेत्र भएर राप्ती नदी वहने हुनाले आदिकालदेखि यस क्षेत्रलाई राप्ती क्षेत्र नैं भनिदै आएको हो । त्यसैले हाल राज्य पुर्नसंरचनामा यस गाउँपालिकाको नाम राप्ती राखिएको हो ।

राप्ती गाउँपालिकाको धरातलीय अवस्थाः

राप्ती गाउँपालिका भित्रीमधेश, चुरीया क्षेत्र हुँदै महाभारत पहाडसम्म फैलिएकोले यहाँको भौगोलिक स्वरुपमा समेत विविधता पाईन्छ। यहाँ उत्पन्न भएका खोला तथा खोल्सीहरु क्रमशः उत्तरबाट दक्षिणतर्फ विभिन्न जलाधार क्षेत्रमार्फत राप्ती नदीमा मिसिन्छ। यस गाउँपालिकाका अधिकांश क्षेत्र चुरे भूभाग अर्न्तगत पर्दछन्। यस गाउँपालिकाको वडा नं. २, ३, ४, ६, ७ र ८ वडाहरु समथर जमिनमा पर्दछन् भने अन्य वडाहरु होचो चुरे क्षेत्रभित्र अवस्थित छन्। राप्ती नदीको किनार सिंचाईको सुविधा भएको भागहरु कृषिको लागि महत्वपूर्ण छन्। भौगोलिक विविधताले गर्दा यहाँ पाईने वनस्पति तथा जैविक विविधतामा समेत एकरुपता देखिँदैन। यस राप्ती गाउँपालिकाको भौगोलिक अवस्थिति अनुसार क्रमश दक्षिणी तथा पूर्वी मोहडा क्षेत्रबाट उत्तरतर्फ भिरालोपना बढ्दै गएको छ। यस गाउँपालिकाको न्यूनतम उचाई २५३ मिटर र अधिकतम उचाई ११९४ मिटर उत्तरी सिमानासम्म रहेको छ।

**राप्ती गाउँपालिकाको जनसांख्यिक विवरण**

राप्ती गाउँपालिकालाई ९ वटा वडामा बिभाजन गरिएकृ छ। यस गाउँपालिकाका वडाहरुको जनसंख्या तथा घर परिवारहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं. २ र ३ मा रहेको छ। त्यस्तै सबैभन्दा थोरै घरधुरी वडा नं. ९ मा रहेको छ। वडागत बस्ती तथा घरपरिवार विवरण र लैङ्गिक जनसंख्या विवरण तल तालिकामा दिइएको छ।

| वडा नं. | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | मुख्य बस्तिहरु |
|---|---|---|---|
| १ | ११६६ | ५,१०५ | शान्तिपुर (चैते), बगाहासोती, भालुवाङ, पाखापानी, मच्छिताल |
| २ | १३४२ | ६,७९२ | एकतानगर, लालमटिया, कालिका चोक, रामनगर, वराखुरी, कटाहा, मुक्ति नगर, स्यानीघोष, बाहुनी पाटा |
| ३ | १२४१ | ६,६४१ | वसन्तपुर, खुरुरिया, मसुरिया |

| | | | |
|---|---|---|---|
| ४ | १२१५ | ५,९६२ | मौरीघाट, जनकपुर, खिनैरा, सुन्दरपुर, नयाँगाउँ |
| ५ | ७५६ | ३,९०४ | सिसहनिया, लठहवा, पहरवा, करंगे |
| ६ | ९१८ | ५,१९० | बगरापुर, सगरापुर, भगवानपुर, मझेरिया, पत्थरगढवा |
| ७ | ८४५ | ४,५५४ | भानपुर, अननपुर, जितपुर, छोड्की सिसहनिया, बड्का सिसहनिया, जगपुर |
| ८ | ९२० | ४,५६२ | पिपरी, पिपरा, विजौरी, कोहलवा |
| ९ | ३६० | १.७२३ | देवीकोट, रुपाकोट |
| जम्माः | ८७६३ | ४४,४३३ | |

*श्रोतः राप्ती गा.पा. को पार्श्वचित्र २०७५*

**वडागत आधारमा जनसंख्याको विवरण**

यस गाउँपालिकामा जम्मा ८७६३ घरधुरी रहेको छ भने जम्मा जनसंख्या ४४,४३३ रहेको छ। जनअनुसार पुरुष ५१.३ प्रतिशत र महिला ४७.७ प्रतिशत रहेको छ। त्यसैगरी प्रतिपरिवार औसत जनसंख्या ५.०७ जना रहेको छ। वडागत आधारमा जनसंख्या वितरणको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ। जसमा जम्मा जनसंख्या ४४,४३३ (पुरुष २२,७८३ जना, महिला २१,६३७ जना र तेस्रो लिङ्गी १३) रहेको छ।

**वडागत आधारमा जनसंख्याको विवरण**

| वडा नं. | जम्मा घरधुरी | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|
| १ | ११६६ | २६७४ | २४२४ | ७ | ५०१०५ | २२४ |
| २ | १३४२ | ३५११ | ३२८१ | ० | ६७९२ | २८४.१८ |
| ३ | १२४१ | ३४०२ | ३२३८ | १ | ६६४१ | ७१.२२ |
| ४ | १२१५ | ३०७५ | २८८७ | ० | ५९६२ | ३७७.३ |
| ५ | ७५६ | १९६३ | १९३९ | २ | ३९०४ | ९२.५ |
| ६ | ९१८ | २६६७ | २५२३ | ० | ५१९० | ५७६.६ |
| ७ | ८४५ | २२१९ | २३३३ | २ | ४५५४ | ५४८.६ |
| ८ | ९२० | २३८० | २१८२ | ० | ४५६२ | ४९८.८८ |
| ९ | ३६० | ८९२ | ८३० | १ | १७२३ | ७९.७ |
| जम्मा | ८७६३ | २२७६३ | २१६३७ | १३ | ४४४४३ | २७४.९ |

**जातिगत अनुसारको जनसंख्या**

जातिगत आधारमा यस गाउँपालिकाको जनसंख्यालाई विश्लेषण गर्दा ६ जाति समूहको बसोबास रहेको पाइन्छ। जसअनुसार पहाडी ब्राह्मण/क्षेत्री, मधेसी आदीवासी जनजाती, पहाडी आदीवासी जनजाती, मधेसी ब्राह्मण/क्षेत्री, पहाडी दलित र मधेसी दलित आदि रहेको पाइन्छ। वडामा आधारित जातजाति अनुसारको जनसंख्या, घरधुरी विवरण तालिकामा उल्लेख गरिएको छ।

**जातिगत आधारमा जनसंख्या विवरण**

| वडा नं. | पहाडी ब्राह्मण /क्षेत्री | मधेशी आदिवासी/ जनजाति | पहाडी आदिवासी /जनजाति | मधेशी ब्राह्मण/ क्षेत्री/ राजपुत | पहाडी दलित | मधेशी दलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २६१९ | ४५ | १५६८ | ३८ | ४०४ | १० | ४२१ | ५१०५ |
| २ | २२७७ | १९०१ | २११२ | ३४ | ४४१ | २३ | ४ | ६७९२ |
| ३ | ११२७ | ४३०१ | ८२७ | १३ | ३०२ | ९ | ६२ | ६६४१ |
| ४ | १८४५ | २९६९ | २३५ | ६०८ | २१० | ३५ | ६० | ५९६२ |
| ५ | २५६ | २५४८ | ९२८ | १७ | १२० | ८ | २७ | ३९०४ |
| ६ | १७८ | ४६६५ | १८३ | १२ | १७ | १२९ | ६ | ५१९० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ७५२ | २१७४ | १२४४ | १ | ७० | १ | ३१२ | ४५५४ |
| ८ | ९६२ | २५६० | ७३० | ४ | २२९ | १ | ७६ | ४५६२ |
| ९ | २१६ | २ | ११३२ | ० | ३७३ | ० | ० | १७२३ |
| जम्मा | १०२३२ | २११६५ | ८९५९ | ७२७ | २१६६ | २१६ | ९६८ | ४४४३३ |

***श्रोत राप्ती गा.पा. को पार्श्वचित्र २०७५***

**भूउपयोगको अवस्था**

यस गाउँपालिकामा १४ वटा सामुदायिक वनहरु रहेका छन् । विशेष गरी राजमार्गको उत्तरी क्षेत्रमा यी सामुदायिक वनहरु केन्द्रित रहेका छन् । जैविक विविधतायुक्त यी वनहरु मार्फत समुदायले दैनिक इन्धन आपूर्ति लगायत, निर्माण सामाग्री र पशुवस्तुको लागि आहारा संकलन गर्ने गरेका छन् । यस गाउँपालिकामा विशेष गरी सामुदायिक वन धेरै रहेको छ । केही क्षेत्र ऐलानीको रुपमा खाली रहेको पनि पाईएको छ । यस गाउँपालिका क्षेत्र भित्रबाट व्यबसायिक रुपमा जडीबुटी उत्पादन तथा निकासी हुने गरेको पाईदैन । न्यून मात्रामा उत्पादन हुने जडीबुटीहरुमा केमोमाईल, कुरिलो, टिम्मुर आदि हुने भएपनि व्यवसायिक हुन सकेको छैन । सामुदायिक वनको बार्षिक कार्ययोजना अनुसार स्वीकृति प्राप्त भएका जडीबुटी संकलन र निकासी कार्ययोजना अनुसार नै हुने गरेको पाइएको छ ।

तुलनात्मक रुपले वन क्षेत्र धेरै भएको यो गाउँपालिकाको दक्षिणी भाग राप्ती नदीको किनारी तथा सिंचित क्षेत्रमा कृषिको लागि जमिन प्रयोग गरिएको छ । राप्ती नदीले निकास गरेको क्षेत्रमा पनि खेती गर्ने गरिएको छ । यिनै खेती भूमिभित्र आवादी क्षेत्र पनि भएकोले बसोबासको लागि अलग्गै क्षेत्र किटान गरिएको छैन । पूर्व पश्चिम राजमार्गको दायाँ बायाँ किनारी भागमा बसोबास क्षेत्र धेरै रहेको छ । यस गाउँपालिकाको भूउपयोग नक्शा निम्नानुसारको रहेको छ ।




| क्र.सं. | विवरण | क्षेत्रफल (वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ६९.६२ | ४३.०३ |
| २ | चौर तथा चरन क्षेत्र | १.६५ | १.०२ |
| ३ | वन क्षेत्र | ८३.८८ | ५१.८४ |
| ४ | सडकले ओगटेको क्षेत्र | ०.६६ | ०.४१ |

| | | | |
|---|---|---|---|
| ५ | नदीनालाले ओगटेको क्षेत्र | १.४१ | ०.८७ |
| ६ | बाँझो जमिन | ३.६७ | २.२७ |
| ७ | अन्य | ०.०९ | ०.०६ |
| जम्मा | | १६१.७९ | १००.०० |

*श्रोतः राप्ती गा.पा. को पार्श्वचित्र २०७५*

**नदीनाला र जलभण्डार**

प्राकृतिक श्रोत साधनको दृष्टिले राप्ती गाउँपालिका सम्पन्न रूपमा रहेको छ। यहाँ तराइ तथा चुरे गरी फरकफरक भौगोलिक बनावट पाइन्छ। राप्ती नदी यस गाउँपालिकाको मुख्य नदी हो। यस गाउँपालिकाका अन्य नदी नालाहरुमा करम्दी खोला, दोलही खोला, कालापानी खोला, भूल्केखोला, टिसुवाखोला, मच्छिताल खोला, गनाहाखोला, सिङ्गे खोला, गोपीनाला, बगासोती खोला आदि रहेका छन्। यस गाउँपालिकामा हर्सेडाँडा पोखरी, चितुवाखोली ताल, चखेवा सिमसार क्षेत्र, खौराहाबाबा पोखरी, सुन्दरपुर पोखरी गरी ५ वटा मुख्य पोखरी रहेका छन्।

| सि.नं. | नदी तथा खोलाको विवरण | वर्तमानमा उपयोगको अवस्था |
|---|---|---|
| १ | राप्ती नदी | सिंचाई, माछापालन, ढुङ्गा गिटी बालुवा |
| २ | करम्दी खोला | सिंचाइ |
| ३ | दोलही खोला | सिंचाइ |
| ४ | कालापानी खोला | सिंचाइ |
| ५ | भुल्के खोला | सिंचाइ, खानेपानी |
| ६ | टिसुवा खोला | सिंचाइ |
| ७ | मच्छीताल खोला | सिंचाइ |
| ८ | गनाहा खोला | सिंचाइ, ढुङ्गा गिटी बालुवा |
| ९ | सिँगे खोला | सिंचाइ |
| १० | गोपीनाला | सिंचाइ |
| ११ | बगासोती खोला | सिंचाइ |
| १२ | सानो राप्ती नदी शाखा | सिंचाइ, ढुङ्गा गिटी बालुवा |

**१.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमीः**

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरुमध्ये एक हो। विश्वका १ सय ९८ मुलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढी पहिरोको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो तथा एशियामा छैठौं, जोखिमपूर्ण देशको रुपमा रहेको छ। प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रुपमा रहेको छ। नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारीजस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढी परिवारहरु प्रभावित हुने गरेका छन्। नेपालमा प्रतिवर्ष विभिन्न विपद्हरुबाट सरदर औसतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ। जसमध्ये वार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ। यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, वन क्षेत्र र धनसम्पत्तिको नोक्सानी हुने गरेको छ।

विपद्को कारण नेपालले हरेक वर्ष औसतमा १ अर्ब २१ करोडको बराबरको राष्ट्रिय सम्पत्तिको क्षति व्यहोर्नु परेको छ। त्यसै गरेर नेपालको विकास दर ३ देखि ४ प्रतिशतले रहेको छ भने विपद्ले विनाश गर्ने दर ८ देखि २५ प्रतिशतसम्म हुने गरेको देखिएको छ (विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना दाङ २०७७)। कमजोर भू-बनोट, जटिल भुगर्भीय संरचनाका, बदलिँदो जलवायु अवस्था, बढ्दो शहरीकरण, जलसंख्या बृद्धि तथा मानवीय हेलचेक्राई र असावधानीका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ। बिगतमा गरिएका अध्ययन अनुसन्धान र बिगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक

संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ। २०७२ वैशाख १२ र २९ गते आएका भूकम्प यसैका उदाहरण हुन् । अझै पनि यस्तै प्रकृतिका भूकम्पहरु आउने अनुमान भूगर्भविद्हरुले गर्दै आएका छन् । यस्तै हरेक वर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन् । यी उदाहरण मात्र नभएर यथार्थ र वास्तविक पनि हुन् । यसको अर्थ अब सबै हाम्रो काबुभन्दा बाहिर गैसकेकै हो त भन्ने प्रश्न उठ्न सक्छ तर हामीले सावधानी अपनायौं, पूर्वतयारीमा जुट्यौं भने विपद्लाई पनि क्रमिक रुपले हाम्रो नियन्त्रणमा लिन सक्नेछौं त्यसका लागि स्थानीय सरकारको समन्वयमा स्थानीयस्तरमा काम गर्ने सरकारी गैरसरकारी, सामुदायिक संघ संस्थाहरु, स्थानीय तहमा रहेर काम गर्ने निजी क्षेत्रका प्रतिनिधिहरु लगायत सबैको सहकार्य भयो भने हाम्रो विपद् जोखिम न्यूनीकरण गरी उत्थानशीलता बढाउन सक्छौ । नेपालको संविधान २०७२, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार सन्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण नीति एवं रणनीतिक कार्ययोजना २०७५ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७५ लगायतका राष्ट्रिय नीति तथा कानूनी दस्तावेजको आधार र विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाचाको मर्मलाई आत्मसात गर्दै स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लाई संस्थागत गर्ने र समुदायस्तरबाट नै विपद् उत्थानशीलता बृद्धि गर्न बान्छनीय भएको हुनाले नेपाल सरकार गृह मन्त्रालयले जारी गरेको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (प्रथम संशोधन २०७६) बमोजिम तयार गरेको यस योजनाले भविष्यमा स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्यमा नया फड्को मार्ने अपेक्षा गर्न सकिन्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ। यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ।

वि.सं २०६५ साल जेठ १५ गते नेपाल सरकारले संघीयतामा जाने निर्णय गरेसँगै देशमा तीन तहका सरकारहरुको प्रादुर्भाव भयो । केन्द्रमा संघीय सरकार, प्रदेशमा प्रादेशिक सरकार र स्थानीय तहमा स्थानीय सरकार निर्माण भएसँगै सोही अनुरुप तहगत संरचनाहरुको निर्माण भए । जसअनुप केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन राष्ट्रिय परिषद गठन भएको छ, गृहमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन कार्यकारी समितिको निर्माण भएको छ। त्यसैगरी सातै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति निर्माण गरिएको छ। जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिलाई कायम गरिएको छ भने स्थानीय तहमा गाउँपालिकाको अध्यक्ष तथा नगरपालिका प्रमुख (मेयर) को अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई तहगत रुपमा जिम्मेवारी हस्तान्तरण गरिएको छ। सोही अनुरुप हरेक तहले आफ्नो लागि आवश्यक ऐन, नियम कानूनहरु निमार्ण गर्ने र कार्यान्वयन गर्ने प्रावधान अनुरुप संघीय सरकारले तयार गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) को अधीनमा रही दाङ जिल्लाको राप्ती गाउँपालिकाले विभिन्न सरकारी निकाय, गैरसरकारी क्षेत्र, स्थानीय राजनीतिक दलहरु, निजी क्षेत्र, स्थानीय जनप्रतिनिधि, स्थानीय तहमा रहेर काम गरिरहेका विभिन्न मानवीय सेवामा समर्पित संघसंस्थाहरु समेतको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ निर्माण गरेको छ।

### १.३ राप्ती गाउँपालिकाको संक्षिप्त विपद्को स्थिति

राप्ती गाउँपालिमा प्राकृतिक र गैरप्राकृतिक बहुप्रकोपका कारण जनधनको क्षति भएको देखिएको छ। बिगत वर्षहरुमा बिशेष गरी राप्ती नदीकटान र यसले बस्तीमा क्षति पुर्‍याएको पाईएको छ। त्यस्तै चट्याङ, डढेलो, आगलागी, करेन्ट आदिबाट मानवीय क्षति हुने गरेको छ। यस बाहेक पछिल्लो समयमा जलवायु परिवर्तन र यसका असरहरुले समुदायको आयश्रोतको प्रमुख माध्यम कृषिमा नकारात्मक असर पर्न थालेको पूर्व संकेतहरु देखा पर्न थालेका छन् । यस गाउँपालिका क्षेत्रमा जोखियुक्त बस्तीको

रुपमा अलग्गै पहिचान नभएको भए पनि राप्ती नदी तटीय क्षेत्र नदीकटान र डुबानको दृष्टिकोणले संवेदनशील क्षेत्रको रुपमा रहेको छ। विशेष गरी वडा नं. १ को भालुबाङ बजार, मच्छिताल, पिपलटारी, चैते पाखापानीको तल्लो तटीय क्षेत्र, वडा नं. २ को कठाहा क्षेत्र, कालीका चौक, वडा नं. ३ को खुरुरियाक्षेत्र, वसन्तापुर क्षेत्र, अस्पताल लाइन वडा नं. ७ को भानपुर, अनहनपुर र छोट्की सिसहनीया, वडा नं. ६ को मझेरिया, बग्राहपुर, भगवानपुर, वडा नं. ५ का लठुवा, पहरुवा, सिंघे र कालापानी क्षेत्र उच्च जोखिममा पर्दछन्। त्यसैगरी दोलही खोलाको प्रभावित क्षेत्र सिसहनिया पश्चिम, वडा नं. २ को एकताबस्ती कुम्लेटोल मुक्तिनगर आदि क्षेत्र मध्यम जोखिममा रहेको देखिएको छ। वडा नं. १ र वडा नं. ९ का पहाडी भिरालो बस्ती र सामुदायिक वनले घेरिएको क्षेत्र पहिरो र आगलागीको उच्च जोखिम क्षेत्रको रुपमा रहेको छ। यस गाउँपलिकामा बिगत तीनवर्षको अवस्थालाई हेर्दा वडा नं. १ मा बाढीबाट दुईजनाको मृत्यु भएको छ। त्यसैगरी मानवीय असावधानिका कारण करेन्ट लागेर ३ जनाको मृत्यु भएको पाइएको छ भने बिगत एक वर्षमा विपद्बाट ठूला सार्वजनिक संरचनामा क्षति भएको छैन। यद्धपि प्राकृतिक प्रकोपको रुपमा आएको पहिरो तथा भूक्षयको कारण वडा नं. १ र वडा नं. ९ मा निर्माण भएको कच्ची सडकहरुमा भने क्षति पुगेको छ। यसरी क्षति पुगेको सडकमा पुनः वर्षभरी नै यातायात सञ्चालन गर्न मर्मत गर्नुपर्ने देखिएको छ।

यस गाउँपालिकामा विपद् व्यवस्थापनको लागि गाउँपालिका स्तरीय संरचना कृयाशिल छ। गाउँपालिकाको संस्थागत क्षमता अनुसार विपद्को अवस्थामा आपतकालीन उद्धार तथा पुनर्स्थापनाको लागि कार्ययोजना तयार गरेको छ। यस बाहेक गाउँपालिका भित्र कृयाशिल गैरसरकारी संस्थाहरुले बिगत अभ्यासका आधारमा वडास्तरमा विपद् जोखिम न्यूनीकरणको लागि संयन्त्र र तालिमहरुको आयोजना गरेको पाइएको छ। नेपाल रेडक्रसले जोखिम युक्त बस्तीहरुमा पूर्वतयारी अभ्यास समेत सञ्चालन गरेको थियो। सामुदायिक वनले आफ्नो वार्षिक कार्ययोजना अनुसार अग्नीरेखा नियन्त्रण र अन्य पूर्वतयारीको कार्यक्रम सञ्चालन गरिरहेको पाईएको छ। हाल वडास्तरमा पनि स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको र स्थानीय गाउँपालिका स्तरको विपद् जोखिम न्यूनीकरणमा समिति कृयाशील रहदै आएको छ।

### १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ। यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिममुक्त बनाउन भने कठिन छ। तर पनि विपद्पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ। यो योजना विपद्को समयमा सञ्चालन गरिने प्रतिकार्यका गतिविधिहरू सञ्चालन गर्नका लागि निर्माण गरिएको छ। यो कार्ययोजना मुख्यत विपद्बाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरूलाई कम गराउने औचित्यका साथ तयार गरिएको छ। यसका महत्वलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

**यो कार्ययोजनाले**:

- मानवीय सहायता एवं विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा संलग्न निकाय तथा उपलब्ध साधन श्रोतको पहिचानमा सहयोग गर्दछ।
- विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सुनिश्चितता प्रदान गर्दछ।
- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ।
- उद्धार, राहत र पूर्वतयारीका कार्यहरुमा प्रभावित समुदायको समान पहुँचको सुनिश्चितता प्रदान गर्छ।
- स्थानीय श्रोत साधन र प्रविधिको पहिचानमा सहयोग प्रदान गर्दछ।
- उद्धार तथा राहत जस्ता कार्यमा प्रभावित समूदायको समान सहभागिताको प्रत्याभूति गर्दछ।
- आपत्कालीन समयमा सूचना र जानकारीलाई व्यवस्थित गर्न सहयोग गर्दछ।
- राप्ती गाउँपालिकाको विपद् जोखिमको अवस्था अध्ययन गर्ने खोजकर्ताहरुको लागि श्रोत सामग्री बन्दछ।

# परिच्छेद – २

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य**

विपद् पूर्वको पूर्वतयारी तथा विपदको समयमा प्रभावितहरुको जनधन र सम्पत्तिको सुरक्षा र संरक्षण गरी मानवमाथि पर्ने नकारात्मक प्रभावको सामना गर्न स्थानीय श्रोत, साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई प्रभावकारी रुपले मानवीय सहयोग प्रदान गर्नु र रोकथाम, न्यूनीकरण, पूर्वतयारी र पूर्वसूचनाका विधि र पद्धतिहरुलाई जवाफदेहीपूर्ण ढंगले कार्यान्वयल गरी उत्थानशील गाउँपालिका निर्माण गर्नु यस योजनाको उद्देश्य रहेको छ। यस योजनाका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्

१. विपद् पूर्वतयारीका कृयाकलापहरुलाई प्राथमिकतामा राखी उद्धार तथा राहतमा हुने अधिक खर्च कम गर्नु
२. आपतकालीन अवस्थामा प्रभावित व्यक्ति तथा समुदायलाई सिघ्रातिशिघ्र मानवीय सहयोग उपलब्ध गराउनु
३. विपद् पूर्वतयारी र प्रतिकार्यका लागि अधिकतम रुपमा स्थानीय साधन श्रोतको उपयोग गर्नु ।
४. स्थानीय तहमा जोखिम न्यूनीकरणका गतिविधिहरुलाई व्यवस्थित र प्रभावकारी रुपले कार्यान्वयन गर्नु
५. विपद् व्यवस्थापनमा सरोकारवाला निकाय तथा संघ संस्थाहरुबाट मानवीय सहायता तथा आर्थिक स्रोत नक्साङ्कन गरी परिचालनमा समन्वय गर्नु

२.१. **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा**

विपद् व्यवस्थापनका विभिन्न चरणहरु मध्ये विपद् पूर्वतयारीका माध्यमबाट विपद् जोखिम न्यूनीकरणका प्रारम्भिक कार्यहरु, विपद्को समयमा गरिने आपत्कालीन प्रतिकार्यहरु र प्रतिकार्यका लागि पूर्वतयारीका कार्यहरु र आपतकालीन पुनर्लाभका कार्य गरिने हुनाले यस योजनाबाट विपद् प्रभावितहरुको मानव अधिकारको रक्षा, जनधनको क्षति न्यूनीकरण, जीविकोपार्जनमा सहयोग तथा पूर्वतयारी तथा प्रतिकार्यमा सबैको समान सहभगिता सुनिश्चित गदै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै चरणलाई व्यवस्थित र प्रभावकारी रुपले एकसाथ लाने अपेक्षा राख्न सकिन्छ। यसका अतिरिक्त **यस योजनाका अपेक्षित नतिजालाई निम्नानुसार उल्लेख गरिएको छ।**

१. विपद्पूर्व गरिने पूर्वतयारीका कृयाकलापहरुको सुनिश्चितता हुनेछन् ।
२. आपतकालीन समयमा विपद् प्रतिकार्यका क्रियाकलापहरु व्यवस्थित र प्रभावकारी रुपले कार्यन्यवयन हुनेछन् ।
३.प्रतिकार्यका क्रियाकलापहरुमा विपद् प्रभावितहरुको प्रत्यक्ष पहुँच सुनिश्चित हुनेछ ।
४. विपद् प्रभावितहरुमा आ-आफ्नो अधिकार तथा कर्तब्यको बोध सुनिश्चित हुनेछ ।
५. विषयक्षेत्रगत रुपमा जिम्मेवारी बाँडफाँड गरी योजना कार्यान्वयन हुने भएकाले मानवीय सहयोग प्रभावकारी व्यवस्थित र पारदर्शी हुनुका साथै सेवाप्रदायक निकायमा जवाफदेहिता, उत्तरदायित्व र अपनत्वको भावना विकास हुने अपेक्षा राख्न सकिन्छ ।
६. सकारात्मक विभेदको नीति मार्फत प्रभावकारी विपद् पूर्वतयारी तथा विपद् प्रतिकार्य गरिनेछ ।

२.२. **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका नतिजाहरु**

प्रस्तुत योजनाले प्राप्त गर्न खोजेका नतिजाहरुलाई बुँदागत रुपमा देहायअनुसार उल्लेख गरिएको छ

१. राप्ती गाउँपालिकाको विवरण
२. विपद्बाट प्रभावित हुनसक्ने क्षेत्र तथा समुदायको संख्या र अवस्थिति
३. विपद्सँग जुध्ने र प्रतिकार्यमा उपलब्ध हुनसक्ने उपलब्ध क्षमता (सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमता) gap analysis
४. विपद् जोखिम विश्लेषण
५. पूर्वसूचना प्रणाली
६. खोज तथा उद्धार व्यवस्था
७. सुरक्षित आश्रयस्थल वा क्याम्प व्यवस्थापन प्रणाली

८. राहत व्यवस्था र वितरण
९. खाद्यसामग्री र गैरखाद्य सामग्रीको भण्डारण व्यवस्था
१०. विपद् प्रतिकार्यमा संलग्न साझेदारहरुको भूमिका र जिम्मेवारी निर्धारण
११. विपद् सम्पर्क व्यक्तिको पहिचान र व्यक्तिको पहिचान र विपद्को समयमा नियमित सञ्चार सम्पर्कको व्यवस्था
१२. मानवीय सहायताकर्मीले गर्ने सहयोगको पहिचान
१३. सरोकारवाला निकाय र गैरसरकारी संघसंस्थाको क्षमता अभिवृद्धि हुने ।

## २.३. **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया**




माथि उल्लेखित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) मा प्रेषित नमुनालाई आत्मसाथ गर्दै राप्ती गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नको लागि २०७७/०४/१५ गते मंगलबार गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष र विपद् व्यवस्थापन सम्पर्क व्यक्तिसँग बैठक बसी परिचयात्मक गोष्ठीको मिति तय भयो । परिचयात्मक गोष्ठिमा सबै सरोकारवालाहरुको उपस्थितिमा २०७७ श्रावण १८ गते विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका विधि र प्रकृयाको बारेमा छलफल गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) मा व्यवस्था गरेअनुरुप विभिन्न ७ वटा विषयगत क्षेत्रहरुको निर्माण, विम्मेवारी बाँडफाँड र विषयक्षेत्रगत अगुवा र सदस्यहरुको सूची तयार गर्नुका साथै संयुक्त परामर्श कार्यशालाको तिथि र कार्यतालिका तय गरियो । सोही कार्यतालिकाको आधारमा २०७७ साल श्रावण २२ गते संयुक्त कार्यशालाबाट थप सूचनाहरु संकलन गर्नुका अतिरिक्त स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु, विषयगत क्षेत्रका सम्पूर्ण सदस्यहरु, उद्योग बाणिज्य संघ, स्थानीय सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरु, राप्ती गाउँपालिका लगायत विभिन्न सरोकारवालाहरुको सहभागितामा योजना तर्जुमा कार्यशाला सम्पन्न भयो । कार्यशालाबाट प्राप्त सूचना र योजनाका आधारमा योजना मस्यौदा तयार गरी पुनः त्यसको प्रमाणिकरणका लागि गाउँपालिकामा विषय क्षेत्रगत निकायसँग पुनः छलफल गरी प्राप्त पृष्ठपोषणका आधारमा राप्ती गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ तयार गरिएको छ ।

### २.४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु

- प्रस्तुत योजना राप्ती गाउँपालिकासँग सम्बन्धित रहेको हुनाले यसको कार्यान्वयन यसै गाउँपालिकामा सीमित हुनेछ
- प्रस्तुत योजना स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा कार्यान्वयन हुनेछ
- प्रस्तुत योजना राप्ती गाउँकार्यपालिकाको स्वीकृति पश्चात मात्र कार्यान्वयन हुनेछ
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापमा मात्र सीमित भएकोले अन्य प्रयोजनमा प्रयोगमा आउने छैन

### २.५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न कार्यहरु

**क. सामान्य पूर्वतयारीः**

सामान्य पूर्वतयारी अन्तर्गत सम्बन्धित कामहरूमा विपद्का घटना घट्नु भन्दा पहिले गरिने, प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरणका क्रियाकलापहरु, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशीन औजार, सीप विकास, क्षमता विकास, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू समावेश गरिएको छ । यी सबै क्षमता र तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ ता कि विपद्को स्थितिमा प्रतिकार्यका गतिविधिहरू समयमा नै कार्यान्वयन गर्न सकियोस् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि पूर्वतयारी कार्य हो । सामान्य पूर्वतयारीका कार्यहरुलाई विपद् हुनुभन्दा पहिलेदेखि नै निरन्तर रुपले सञ्चालन गर्न सकियो भने त्यसबाट उत्पन्न हुने क्षतिलाई धेरैहदसम्म न्यूनीकरण गर्न सकिन्छ । गाउँपालिका क्षेत्रमा वर्षभरी उत्पन्न हुने मौसमी प्रकोप र त्यसले निम्त्याउने विपद्लाई लक्षित गरी हरेक महिना पूर्वतयारीका क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ । हरेक प्रकोप पूर्व गर्नुपर्ने पूर्वतयारीका क्रियाकलापहरु पनि फरक फरक हुने गर्दछन् । सामान्य पूर्वतयारीका क्रियाकलाप गर्दा प्रकोपको सम्मुखता हेरेर त्यसबाट सुरक्षित हुने उपायहरुको अवलम्बन गरिहाल्नु उपयुक्त हुन्छ । असारदेखि भाद्रसम्म बाढी पहिरोको जोखिम हुन्छ । यस्ता प्रकोपको जोखिम न्यूनीकरणका लागि फागुनदेखि जेष्ठ सम्म पूर्वतयारीका कार्यहरु व्यवस्थित रुपले गर्नुपर्दछ । खोला र नदी तटीय क्षेत्रमा छेकबाँध लगाउने, तार जालीको व्यवस्थापन गरी ग्याबियन पर्खाल लगाउने, स्परहरुको निर्माण गर्ने, टेवा पर्खाल, फेदी पखाल लगाई जैविक प्रविधि विस्तार गर्ने जस्ता कार्यहरु पूर्वतयारीकै सन्दर्भमा पर्दछन् । त्यसैगरी आपतकालीन समयमा खोज उद्धारमा संलग्न हुने मानव संसाधनको विकास गर्ने, विभिन्न कार्यदलहरुको गठन र उनीहरुको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने, पूर्वसूचना प्रणालीको सञ्चालन र विस्तार गर्ने, आपतकालीन सेवा प्रदायक संघ संस्थाहरुसँग नियमित समन्वय गरी त्यस्ता संस्थाहरुको सम्पर्क अद्यावधिक गरिरहने जस्ता कार्यहरु पर्दछन् । त्यसैगरी आपतकालीन राहत व्यवस्थापन, खाद्य तथा गैरखाद्य सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने, आपतकालीन खोज उद्धारका सामग्रीहरुको व्यवस्थापन र भण्डारण गरी नियमित अद्यावधिक गर्ने जस्ता पूर्वतयारीका क्रियाकलापहरु नियमित रुपले सञ्चालन गर्नुपर्दछ । त्यसैगरी गाउँपालिकाको विपद् पूर्वतयारी योजना अनुरुप नियमित रुपमा नमुना अभ्यास सञ्चालन गर्ने, खानेपानीका श्रोतहरुको संरक्षण, अनुगमन तथा नीति, कानून, ऐन, योजना, रणनीति तथा कार्ययोजनाहरुको निर्माण र अद्यावधिक गर्ने र कार्यान्वयन गर्ने जस्ता क्रियाकलापहरु पनि सामान्य पूर्वतयारीका क्रियाकलाप अन्तर्गत पर्दछन् ।

**ख. पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारीः**

यो चरणका कार्यहरू प्रकोपको प्रकृति, समय र सम्भावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा तय गर्नुपर्दछ । सोही पूर्वानुमान र उपलब्ध अग्रीम समय (lead time) को आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु अत्यावश्यक हुन्छ । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्नेसम्मका कृयाकलाप हुन सक्नेछन् । पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी भित्र प्रकोपको प्रकृति अनुसार अलग ढंगले पूर्वतयारी गर्नुपर्दछ । हावाहुरीको जोखिम भएको क्षेत्रका कच्ची घरहरुको अवस्था विश्लेषण गरी छानो कस्नेदेखि बाढीको पूर्वसूचनाका आधारमा जोखिमपूर्ण बस्तीहरुको सुरक्षित स्थानान्तरण गर्ने, पहिरो ग्रस्त क्षेत्रका मानिसहरुलाई वर्षातको सूचनासँगै सतर्क गराई आवश्यक परे स्थानान्तरण गर्ने सम्मका क्रियाकलापहरु यस प्रकारको पूर्वतयरीमा पर्दछन् । उदाहरणको लागि राप्ती गाउँपालिकाको राप्ती नदी तटीय क्षेत्रमा बसोबास गर्ने परिवारहरुको जोखिमको अवस्था हेरी जल तथा मौसम विज्ञान विभागको सूचनाको आधारमा सर्तकता बढाउने र आवश्यकता परेमा पूर्वनिधारित सुरक्षित स्थानमा स्थानान्तरण गर्नु राप्ती गाउँपालिकाको जिम्मेवारी हुन आउँछ । यसरी स्थानान्तरण गरिएका परिवारहरुको आपतकालीन व्यवस्थापनका लागि खाद्य तथा गैरखाद्य सामग्रीको वितरण प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउनकाा लागि गाउँपालिकाले यस्ता सामग्रीको भण्डारण गर्दा त्यस्ता परिवारको लागत पहिले नैं खडा गरेको हुनुपर्दछ ।

**ग. आपतकालीन प्रतिकार्यका लागि पूर्वतयारीः**

यस चरणका कामहरुमा विपद्जन्य प्रकोप आएको वा सम्भावित खतराको अवस्थामा तत्कालको आवश्यकता अनुसार गर्ने कार्यहरु समावेश गर्नु पर्दछ। यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने प्रतिकार्यका क्रियाकलाप जस्तै खोज, उद्धार, आपतकालीन राहत तथा उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने जस्ता गतिविधिहरू समावेश गनुपर्दछ। खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेलसम्म गर्नुपर्ने प्रतिकार्य तथा शिघ्र पुनर्लाभिका कार्यहरू यस चरणमा पर्दछन्। आपतकालीन प्रतिकार्यका लागि पूर्वतयारी शब्दबाट नै स्पष्ट छ कि विपद्को समयलाई लक्षित गरेर गरिने पूर्वतयारीका क्रियाकलापहरु यसअन्तर्गत पर्दछन्। खास गरी पूर्वतयारीका क्रियाकलाप अन्तर्गत श्रोत,साधनको व्यवस्थापन र भण्डारण गरिन्छ, जनशक्तिको व्यवस्थापन र क्षमता विकासका काम गरिन्छ। पूर्वतयारीको चरणमा मानवीय, भौतिक, अर्थिक,सामाजिक र प्राकृतिक पुँजीको व्यवस्थापन गरी संरक्षण गरिन्छ भने प्रतिकार्यको समयमा तिनै पाँच प्रकारका पुजीको परिचालन गरिन्छ। यसो गर्नाले व्यक्ति,समुदाय र समग्र राष्ट्रको विपद् सामना क्षमता मजबुद हुन्छ। मानव संसाधनको निर्माण तथा क्षमता विकास, खोज तथा उद्धार सामग्रीहरुको प्रभावकारी परिचालन, खाद्य तथा गैर खाद्य सामग्रीहरुको समानुपातिक वितरण, अस्थायी आवास स्थलहरुको अनुगमन, स्वास्थ्य खानेपानी तथा सरसफाइ व्यवस्थापन, प्रभावकारी पूर्वसूचना प्रणालीको सञ्चालन, लैंङ्गिक तथा सामाजिक समावेशीकरण अनुगमन जस्ता कुराहरुमा ध्यान पुऱ्याउन सकेको खण्डमा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ र आपतकालीन अवस्थामा हुने थप क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ।

# परिच्छेद – ३

**राप्ती गाउँपालिकामा विपद् जोखिमको अवस्था**

**३.१ बिगतका विपद्हरूको विश्लेषण**

राप्ती गाउँपालिका विपद् जोखिमको दृष्टिकोणले संकटासन्न रहेको छ। यो गाउँपालिका कुनै खास प्रकोपका कारण मात्र नभएर बहुप्रकोपको जोखिममा रहेको छ। हरेकवर्ष राप्ती नदी र यसका सहायक खोलाहरुमा आउने बाढीका कारण यस गाउँपालिकाले वर्षेनी ठूलो मात्रामा जनधनको क्षति बेहोर्दै आएको छ भने वडा नं. ९ र वडा नं. १ को केही बस्तीहरु चुरेक्षेत्रमा अवस्थित रहेकोले हरेक वर्ष पहिरोको सामना गरिरहेको छ। यसका अतिरिक्त राप्ती गाउँपालिकाको बीच भागमा पूर्वपश्चिम राजमार्ग रहेका कारण सडक दुर्घटनाको जोखिम अधिक रहेको छ। मानवीय क्षतिको हिसावले हेर्ने हो भने राप्ती गाउँपालिकामा सबैभन्दा बढी मानवीय क्षति सडक दुर्घनाका कारण भएको देखिन्छ। त्यसैगरी बाढी, आगलागी, महामारी, चट्याङ, हावाहुरी, शीतलहर जस्ता प्रकोपका कारण ठूलो धनराशी गुमाएको अवस्था छ। हाल यस गाउँपालिकामा स्तरीकृत प्रकोपको अवस्था अनुसार भूकम्पलाई पहिलो प्राथमिकता प्राप्त प्रकोपको रुपमा राखिएको छ। यसरी प्राप्त नतिजालाइ हेर्ने हो भने क्रमिक रुपले भूकम्प पहिलो स्थानमा छ भने बाढी दोश्रो, सडक दुर्घटना तेश्रो, चौथो आगलागी, पाँचौ सर्पदंश, छैठौ चट्याङ, सातौंमा शीतलहर, आठौं पहिरो र नवौंमा महामारी रहेका छन्। वडागतरुपमा हेर्ने हो भने भूकम्पीय दृष्टिले समग्र गाउँपालिका उच्च जोखिममा रहेको छ। जलउत्पन्न प्रकोपको दृष्टिले वडा नं. १ को केही भाग र २, ३, ४, ५, ६, ७, ८ नम्बर वडाहरु बढी जोखिममा छन् भने ९ नं. वडा र वडा नं. १ को केही बस्तीहरु पहिरोको उच्च जोखिममा रहेका छन्। विशेषगरी वडा नं. १ को भालुवाङ बजार, मच्छिताल, पिपलटारी, चैते पाखापानीको तल्लो तटीय क्षेत्र, वडा नं. २ को कठाहाक्षेत्र, कालीका चोक, वडा नं. ३ को खुरुरियाक्षेत्र, वसन्तापुर क्षेत्र, अस्पताल लाइन वडा नं. ७ को भानपुर, अनहनपुर र छोट्की सिसहनीया, वडा नं. ६ को मभ्रेरिया, बग्राहपुर, भगवानपुर, वडा नं. ५ का लठुवा, पहरुवा, सिंघे र कालापानी क्षेत्र उच्च जोखिममा पर्दछन्। त्यसैगरी दोलही खोलाको प्रभावित क्षेत्र सिसहनिया पश्चिम, वडा नं. २ को एकताबस्ती कुम्लेटोल मुक्तिनगर आदि क्षेत्र मध्यम जोखिममा रहेको देखिएको छ। वडा नं. ९ का पहाडी भिरालो बस्ती र सामुदायिक वनले घेरिएको क्षेत्र पहिरो र आगलागीको उच्च जोखिम क्षेत्रको रुपमा रहेको छ। यस गाउँपलिकामा बिगत तीनवर्षको अवस्थालाई हेर्दा वडा नं. १ मा बाढीबाट दुईजनाको मृत्यु भएको छ। त्यसैगरी मानवीय असावधानिका कारण करेन्ट लागेर ३ जनाको मृत्यु भएको पाइएको छ भने बिगत एक वर्षमा विपद्बाट ठूला सार्वजनिक संरक्षना क्षति भएको छैन। यद्यपी प्राकृतिक प्रकोपको रुपमा आएको भूक्षयको कारण वडा नं. ९ मा निर्माण भएको कच्ची सडकहरुमा भने क्षति पुगेको छ।

**विपद्‌बाट भएको क्षति २०४८ देखि २०७५**

| प्रकोपको विवरण | मृतक संख्या | घरधुरी क्षति | दोहोरिने प्रबृत्ति | अन्तराल | प्रभावित वडाहरु |
|---|---|---|---|---|---|
| भूकम्प | | ६५० भन्दा बढी घरहरु चर्किएको | | अनिश्चित | सबै वडाहरु |
| बाढी | १३ | ६५० भन्दा बढी | हरेक वर्ष | २ देखि ३ वर्ष | २, ३, ४, ५, ६, ७, ८ |
| सडक दुर्घटना | १०२ जना भन्दा बढी | ० | छ | अनिश्चित | वडा नं. ६ र ७, |
| आगलागी | ३ जना | | छ | अनिश्चित | वडा नं. ९ |

*श्रोतः राप्ती गाँउपालिका स्थानीय विपत् तथा जलवायु उत्थानशील योजना २०७७*

**राप्ती गाउँपालिकाको बिगत ७ वर्षको बाढी, आगलागी, हावाहुरी, चट्याङ्, लगायत बहुप्रकोपबाट भएको क्षति**

| प्रभावित घरधुरी | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ०६९/७० | ०७०/७१ | ०७१/०७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | **जम्मा** |
| ९ | १९ | १२ | २८ | १८ | ३ | १३ | ४ | १०६ |

*श्रोतः जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७*

### ३.२ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था

**नेपालको संविधान, २०७२**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको संविधान २०७२ ले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रुपमा परिभाषित गर्नुका साथै राज्य सञ्चालनका लागि तीन तहको संरचनाको व्यवस्था गरी प्रत्येक तहको काम, कर्तब्य र अधिकारको व्यवस्था गरेको छ। संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचीको विषय बनाएको छ। साथै अनुसूची ८ मा विपद् व्यवस्थापनको कार्यलाई स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयका रुपमा समावेश गरेको छ भने धारा ५१ राज्यको नीतिहरुको खण्ड (ज) प्राकृतिक स्रोत साधनको संरक्षण सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनी विपद् पूर्वतयारी र प्रतिकार्यको कार्यलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्‌बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गर्दै जारी भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विभिन्न तहगत संरचनाहरुको प्रवन्ध गरी विपद् पूर्व, विपद्‌को समयमा एवं विपद् पश्चातको अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भुमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

बिगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले योजना छनौट गर्दा प्राकृतिक प्रकोप न्यूनीकरण हुने खालका योजना छनौटमा प्राथमिकता दिनुपर्ने व्यहोरा उल्लेख गरेको थियो। साथै साबिकमा स्थानीय योजना तर्जुमा गर्दा सहभागितामूलक योजना पद्धति अवलम्बन गरी विपद्‌लाई समेत मूलप्रवाहीकरण गर्दै विपद् अनुकुलनका योजना छनौट र सञ्चालन गर्ने नीति स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा राखी सोही बमोजिम योजना अभ्यास गर्ने गरिएको पाइन्थ्यो। हाल नेपाल संघीय राष्ट्रको रुपमा रुपान्तरण भैसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनको खारेजी गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको हो। उक्त ऐनको परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत विपद् व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ।

**विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीति, २०७५**

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालीन सोच राखी यो नीति अवलम्बन गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका श्रोतसाधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक सामाजिक तथा भौतिक पुर्वाधार र साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य रुपमा कमी गर्नु तथा तिनीहरुको उत्थानशीलता वृद्धि गर्ने उद्देश्य रहेको यस नीतिले विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पुर्वाधार तथा आधारभूत सेवाहरुमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलतामा वृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने लक्ष्य संघीय नीतिले लिएको छ ।

**३.३ स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७**

स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण, स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्ने उद्देश्यले राप्ती गाउँपालिकाले ऐन बनाएको छ । यस अन्तर्गत वातावरणीय अध्ययन गर्नुपर्ने, वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने, प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने, जलवायु परिवर्तनको जोखिमबाट बच्नका लागि अनुकुलन योजना बनाउने जस्ता कार्यहरु छन् ।

**राप्ती गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६**

राप्ती गाउँपालिका क्षेत्रभित्र विपद् व्यवस्थापनका सबै क्रियाकलापहरु समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपका कारण उत्पन्न विपद्बाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनामा हुनसक्ने हानी नोक्सानीबाट संरक्षण गर्नका लागि विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ जारी गरेको छ । जस अन्तर्गत तहगत संरचनाहरुको प्रवन्ध गरी विपद् पूर्व, विपद्को समयमा एवं विपद् पश्चातको अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भुमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ ।

**राप्ती गाउँपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५**

प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित गर्न नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएको एकल अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा (२) को न. (६) बमोजिम एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले मिति यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ । प्राकृतिक तथा मानव सृजित प्रकोपमा परेका परिवार, संघ संस्थाहरुलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने, विपद् जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद् व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

**३.४ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु**

राप्ती गाउँपालिकामा विभिन्न प्रकोपका घटनाहरुको पहिचान गरी स्तरीकरण गरिएको छ । यस गाउँपालिकामा हरेक वर्ष दोहोरिन सक्ने प्रकोपहरुबीच तुलना गर्दा पहिलो भूकम्प, दोश्रो बाढी, तेश्रो सडक दुर्घटना, चौथो आगलागी देखिएका छन् । त्यसैगरी पाँचौमा सर्पदंश, छैठौंमा चट्याङ, सातौंमा शीतलहर, आठौंमा महामारी, नवौंमा पहिरो र दशौमा हावाहुरी देखिएका छन् । तुलनात्मक रुपमा यस गाउँपालिकाभित्र मानवीय कारणले उत्पन्न हुने प्रकोपका कारण विपद् निम्तिने खतरा रहेको छ ।

| राप्ती गाउँपालिकाको प्रकोप पहिचान तथा स्तरीकरण रेखाचित्र | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रकोप** | **भूकम्प** | **बाढी** | **सडक दुर्घटना** | **सर्पदंश** | **महामारी** | **हावाहुरी** | **चट्याङ** | **शीतलहर** | **पहिरो** | **आगलागी** |
| भूकम्प | | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| बाढी | | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| सडक दुर्घटना | | | | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| सर्पदंश | | | | | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश | आगलागी |
| महामारी | | | | | | महामारी | चट्याङ | शीतलहर | चट्याङ | आगलागी |
| हावाहुरी | | | | | | | चट्याङ | शीतलहर | हावाहुरी | आगलागी |
| चट्याङ | | | | | | | | चट्याङ | पहिरो | आगलागी |
| शीतलहर | | | | | | | | | शीतलहर | आगलागी |
| पहिरो | | | | | | | | | | आगलागी |
| आगलागी | | | | | | | | | | |
| अंकभार | ९ | ८ | ७ | ५ | १ | १ | ३ | ३ | १ | ६ |
| स्तरीकरण | १ | २ | ३ | ५ | ८ | १० | ६ | ७ | ९ | ४ |

**३.५ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्साङ्कनः**

राप्ती गाउँपालिकामा कुन कुन महिनामा के कस्ता प्रकोपहरुको जोखिम रहेको छ भन्ने कुराको विश्लेषण गर्न प्रकोप पात्रोको निर्माण गरिएको छ । यसले गाउँपालिकाभित्र कुन कुन प्रकोपको उच्च जोखिम कुन कुन महिनामा मध्यम जोखिम र कुन कुन महिनामा प्रकोपको न्युन जोखिम छ भन्ने कुरा प्रस्तुत पात्रोले बुझाउँछ । भूकम्प, सडक दुर्घटना र महामारी जस्ता प्रकोपहरु १२ महिना उच्च जोखिम रहेको छ भने बाढी पहिरोको असार, श्रावण र भदौमा उच्च जोखिम, जेठ र असोजमा मध्यम र बाँकी महिना न्युन जोखिम रहेको छ । सर्पदंश चैतदेखि असारसम्म उच्च जोखिम, श्रावण, भदौ र फागुनमा मध्यम जोखिम जोखिम र असोजदेखि माघसम्म न्युन जोखिम रहेको देखिन्छ । हावाहुरी चैत, बैशाखमा उच्च जोखिम, फागुन र जेठमा मध्यम जोखिम र असारदेखि माघसम्म न्युन जोखिममा रहेको छ । त्यसैगरी चट्याङ चैतदेखि असारसम्म उच्च जोखिम, फागुनमा मध्यम जोखिम र असारदेखि माघसम्म न्युन जोखिम रहेको छ । शीतलहर मंसिर, पुष र माघ उच्च जोखिम र बाँकी नौ महिनामा न्युन जोखिम रहेको छ । राप्ती गाउँपालिकामा पहिरोको जोखिम असार, श्रावण, भदौमा उच्च जोखिम अरु महिना न्युन जोखिम रहेको छ भने आगलागी चैत र वैशाखमा उच्च जोखिम, जेठ, असोज, कार्तिक र फागुनमा मध्यम जोखिम र बाँकी महिना न्युन जोखिम रहेको देखिएको छ । यसबाट गाउँपालिकाका लागि पूर्वतयारी तथा प्रतिकार्यका कृयाकलापको पहिचान तथा प्राथमिकता निर्धारण गरी भावी योजना तर्जुमामा सहयोगीसिद्ध हुनेछ ।

| राप्ती गाउँपालिकाको प्रकोप पात्रो | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विपद्का घटनाहरु | वै. | जे. | अ. | श्रा. | भा. | आ. | का. | मं | पौ. | मा. | फा. |
| भूकम्प | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | |
| सडकदुर्घटना | | | | | | | | | | | |
| सर्पदंश | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | |

संकेतः उच्च जोखिम　　मध्यम जोखिम　　न्युन जोखिम

### ३.६ विपद् संकटासन्नता तथा क्षमता विश्लेषण

राप्ती गाउँपालिका दाङ जिल्लाका १० वटा स्थानीय तहहरुमध्ये एक प्रमुख गाउँपालिका हो । भौगोलिक दृष्टिकोणले देउखुरी उपत्यकामा अवस्थित यो गाउँपालिका तराईदेखि चुरे पर्वतसम्म फैलिएको छ । यो गाउँपालिका राप्ती नदीको तटीय क्षेत्रमा अवस्थित रहेको र आसपासमा राप्तीका विभिन्न खोला र खहरेहरु बहने हुनाले हरेकवर्ष यस गाउँपालिका बासीले ठूलो मात्रामा धनराशी गुमाउनुपर्ने अवस्था रहेको छ । गाउँपालिकाको बीचमा पूर्वपश्चिम राजमार्ग रहेको र आसपासमा पर्याप्त मात्रामा स्थानीय सडकहरु निर्माण भई सञ्चालनमा आएको कारण सडक दुर्घटनामा परी मानिसहरुको मृत्यु हुने र घाइते हुने क्रम बढिरहेको छ । त्यसैगरी समय समयमा पालिका क्षेत्रभित्रका विभिन्न बस्ती तथा घरहरुमा लाग्ने आगलागीबाट घर तथा सम्पत्ति नष्ट हुने गरेको, शीतलहर, महामारी, चट्याङ जस्ता घटनाबाट पनि जनधनको क्षति हुने गरेको छ । वडा नं. ९ पहिरोको दृष्टिकोणबाट संकटासन्न रहेको देखिन्छ । विशेषगरी बाढीबाट वडा नं. १ को भालुवाङ बजार, मच्छिताल, पिपलटारी, चैते पाखापानीको तल्लो तटीय क्षेत्र, वडा नं. २ को कठाहाक्षेत्र, कालीका चौक, वडा नं. ३ को खुरुरियाक्षेत्र, वसन्तापुर क्षेत्र, अस्पताल लाइन वडा नं. ७ को भानपुर, अनहनपुर र छोट्की सिसहनीया, वडा नं. ६ को मझेरिया, बग्राहपुर, भगवानपुर, वडा नं. ५ का लठुवा, पहरुवा, सिंघे र कालापानी क्षेत्र उच्च जोखिममा पर्दछन् । त्यसैगरी दोलही खोलाको प्रभावित क्षेत्र सिर्सनिहा पश्चिम, वडा नं. २ को एकताबस्ती, कुम्लेटोल, मुक्तिनगर आदि क्षेत्र मध्यम जोखिममा रहेको देखिएको छ । वडा नं. ९ का पहाडी भिरालो बस्ती र सामुदायिक वनले घेरिएको क्षेत्र पहिरो र आगालागीको उच्च जोखिम क्षेत्रको रुपमा रहेको छ । यस गाउँपलिकामा बिगत तीनवर्षको अवस्थालाई हेर्दा वडा नं. १ मा बाढीबाट दुई जनाको मृत्यु भएको छ । त्यसैगरी मानवीय असावधानिका कारण करेन्ट लागेर ३ जनाको मृत्यु भएको पाइएको छ भने बिगत एक वर्षमा विपद्‌बाट ठूला सार्वजनिक संरचनामा क्षति भएको छैन । यद्यपी प्राकृतिक प्रकोपको रुपमा आएको पहिरो तथा भूक्षयको कारण वडा नं. ९ मा निर्माण भएको कच्ची सडकहरुमा भने क्षति पुगेको छ । गाउँपालिकाको संकटासन्नताको अवस्थालाई न्युन गरी क्षमता बिस्तार गर्न केही प्रयत्नहरु गर्न खोजिएको भएतापनि पर्याप्त ध्यान पुग्न नसक्दा स्थानीय हरुले हरेक वर्ष मार खेप्नु परेको छ । हाल गाउँपालिकाले ९ वटै वडाहरुमा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरेको छ । समुदाय तहमा सामुदायिक विपद् व्यवस्थापन समितिहरुको गठन गरि नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा आधारभूत प्राथमिक उपचार तालिम सञ्चालन गरेको छ । विपद् पूर्वसूचनालाई व्यवस्थित रुपले अघि बढाउन समुदायस्तरमा कार्यदलहरुको निर्माण पनि गरेको छ । केही खोज उद्धारका सामग्रीहरुको व्यवस्थापन गरेको छ तथापि सरोकारवालाहरुको क्षमता विकास हुन नसकेका कारण गाउँपालिकाको संकटासन्नता बढेको देखिन्छ । गाउँपालिकाको बिभिन्न श्रोतहरुको उपलब्ध विवरण तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | भौतिक पुँजी | संख्या (वटा) | कैफियत |
|---|---|---|---|
| १ | सडक सञ्जाल | | पूर्व पश्चिम राजमार्गको भालुवाङ - लमही सडक खण्डको सिङ्गेसम्म (१५ किलोमिटर) स्तरीय कालोपत्रे सडक रहेको छ । यस गाउँपालिका भित्र ३ वटा नगरस्तरीय सडकहरु रहेका छन् । जसको कूल लम्बाई ७१.२३ कि.मि रहको छ । |
| २ | झोलुङ्गे पुल | ३ | चालु |
| ३ | ट्रष्ट पुल | ७ | चालु |
| ४ | मोटरसाइकल | १३२९ | व्यक्तिगत |
| ५ | बस | ९४ | व्यक्तिगत |
| ६ | जिप | १३१ | व्यक्तिगत |
| ७ | रिक्सा | ३७ | व्यक्तिगत |
| ८ | साइकल | ६३८७ | व्यक्तिगत |
| ९ | ट्रयाक्टर/पावर ट्रिलर | ३३५ | व्यक्तिगत |
| १० | पम्पसेट | १२७ | व्यक्तिगत |
| ११ | गाडा/ठेला | ८० | व्यक्तिगत |
| १२ | सार्वजनिक शौचालय | ९ | |
| १३ | खेलमैदान | १५ | |
| १४ | पार्क तथा उद्यान | ८ | |

| क्र.सं. | मानवीय पुँजी | संख्या (जना) | कैफियत |
|---|---|---|---|
| १ | CADRE तालिम प्राप्त जनशक्ति | ११ | |
| २ | आधारभूत प्राथमिक उपचार तालिम प्राप्त जनशक्ति | ३० | |
| ३ | बाढी पूर्वसूचना तालिम प्राप्त जनशक्ति | ३० | |
| ४ | कृषि जे.टि.ए. | ७९ | |
| ५ | पशु जे.टि.ए. | ३४ | |
| ६ | मेकानिकल प्राविधिक | ७१ | |
| ७ | कम्प्युटर तालिम प्राप्त जनशक्ति | २९२ | |
| ८ | शिक्षक | २२९ | |
| ९ | सिलाई बुनाई तालिम प्राप्त जनशक्ति | ५८२ | |

| क्र.सं. | आर्थिक स्रोत | संख्या | कैफियत |
|---|---|---|---|
| १ | बैदेशिक रोजगारमा गएका | २१२१ | |
| २ | कृषक समूह (दर्ता भएका) | ९ | घरेलु |
| ३ | कृषक समूह (दर्ता नभएका) | २५ | घरेलु |
| ४ | ग्रील उद्योग | २३ | घरेलु |
| ५ | कंक्रिट ब्लक उद्योग | १ | घरेलु |
| ६ | कुटानी/तेल/ राईस मिल | १२ | घरेलु |
| ७ | बेकरी | २ | घरेलु |
| ८ | मसला उद्योग | २ | घरेलु |
| ९ | कपास उद्योग | १ | घरेलु |
| १० | कापी उद्योग | १ | घरेलु |
| ११ | काष्ठ उद्योग | १४ | घरेलु |
| १२ | माउण्टेन मिनरल वाटर उद्योग | १ | |
| १३ | बैंक तथा लघुवित्त | १३ | |
| १४ | बचत तथा ऋण सहकारी | २३ | |
| १५ | कृषि फर्म | ४ | |
| १६ | पशुपालन फर्म | १३ | |

### ३.४. समुदायको सामाजिक श्रोत/पुँजी

| क्र.सं. | सामाजिक श्रोत | संख्या | कैफियत |
|---|---|---|---|
| १ | टोल विकास समिति | ६३ | |
| २ | सामुदायिक विपद् व्यवस्थापन समिति | १३ | |
| ३ | यूवा क्लब | ५ | |
| ४ | विद्यालय व्यवस्थापन समिति | २९ | |
| ५ | वडा स्तरीय विपद् व्यवस्थापन समिति | ९ | |

### ३.५ समुदायको प्राकृतिक स्रोत/पुँजी

| क्र.सं. | प्राकृतिक श्रोत | क्षेत्रफल (वर्ग कि.मि) | कैफियत |
|---|---|---|---|
| १ | खेतीयोग्य जमिन | ६९.६२ वर्ग कि.मि. | |
| २ | वन क्षेत्र | ८३.८८ | |
| ३ | नदीनालाले ओगटेको क्षेत्र | १.४१ | |
| ४ | बाँझो जमिन | ३.६७ | |
| ५ | चौर तथा चरन क्षेत्र | १.६५ | |

### ३.७ विपद् जोखिम आँकलन तथा नक्शाक्तन

गाउँपालिकाको भौगोलिक अवस्थिति, विपद्को सामना गर्ने क्षमता तथा जनचेतनाको अभावका कारण जनधनको क्षति हुने गरेको छ। प्राकृतिक कारणबाट हुने प्रकोपका घटनामा मानवीय क्रियाकलापले ती घटनाको आवृत्ति र क्षतिको मात्रामा निरन्तर वृद्धि भइरहेको छ। यस सन्दर्भमा स्थानीय तहको सूचना सङ्कलन गरी तथ्याङ्क तथा सूचनाको विश्लेषणका आधारमा खासगरी भूकम्प, बाढी, आगलागी प्रभावित हुने जनसंख्याको पूर्वानुमान निम्नअनुसार गरेको छ।

| प्रकोपको घटना | प्रभावित हुनसक्ने परिवार | प्रभावित हुनसक्ने जनसंख्याया | कैफियत |
|---|---|---|---|
| भूकम्प | १,२०० | ३०,००० | ४,५०० मानिस घाइते हुन सक्ने। |
| बाढी | ४५० | १,६०० | |
| आगलागी | १० | ५० | |

*श्रोतः समूह छलफल २०७७*

| सम्भावित विपद्को प्रकार (१ निम्न–५ उच्च) | | | | | | |
|---|---|---|---|---|---|---|
| **बाढी** | **पहिरो** | **आगलागी** | **भूकम्प** | **सडक दुर्घटना** | **शीतलहर** | **सर्पदंश** |
| ५ | २ | ३ | ५ | ५ | २ | ३ |

*श्रोतः जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७*

माथिको विपद् जोखिम स्तरीकरणमा ५ अंकलाई उच्च जोखिम, ४ अंकलाई जोखिम र ३ अंकलाई मध्यम जोखिम मानिएको छ भने २ र १ अंकलाई कम जोखिममा राखिएको छ।

**विपद् जोखिम बिश्लेषणको सूचक अनुसारको एकीकृत तालिका**

| विपद्को क्षेत्र | उच्च जोखिम क्षेत्र | मध्यम जोखिम |
|---|---|---|
| भूकम्प | स्थानीय तहका सबै क्षेत्र | राप्ती गाउँपालिका सबै वडाहरु |
| बाढी | वडा नं. १, २, ३, ६, ७ | वडा नं. ४, ५ |
| पहिरो | | राप्ती गा.पा. वडा नं. ९ |
| आगलागी | | राप्ती गा.पा. वार्ड नं. ९ |
| सडक दुर्घटना | राप्ती गा.पा. वडा नं. ६ र ७ | |
| सर्पदंश | | गा.पा. राप्ती |
| शीतलहर | | गा.पा. राप्ती |

*श्रोतः (जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७/७८)*

राप्ती गाउँपालिकाका राप्ती नदी, करम्दी खोला, दोलही खोला, कालापानी खोला, भुल्के खोला, टिसुवा खोला, मच्छीताल खोला, गनाहा खोला, सिँगे खोला, गोपीनाला बगासोती खोला, सानो राप्ती नदी आदि खोलाको तटीय क्षेत्र वरपर रहेका अधिकांश बस्तीहरु वर्षेनी खोलामा आउने बाढीका कारण डुबान र कटान हुने जोखिममा रहेका छन्। खोलाको केही भाग बाहेक अधिकांश स्थानमा तटबन्ध निर्माण नगरिएकोले वर्षेनी कटान हुँदा जमिन बगरमा रुपान्तरण भएको छ। ८० प्रतिशत

भन्दा बढी कच्ची संरचना भएको र भूकम्पीय जोखिमलाई मध्यनजर गरेर संरचना निर्माण गर्ने अभ्यास नभएकाले अधिकांश घरहरु अत्यन्तै संवेदनशील र भूकम्पीय दृष्टिकोणले उच्च जोखिममा रहेका छन् । २०७२ साल वैशाख १२ र २९ गतेको विनाशकारी भूकम्पले गाउँपालिकाका निजी तथा सार्वजनिक संरचनाहरुमा दरार पैदा गरी कमजोर पारेको कारण जोखिमको सम्भावना उच्च नै रहेको छ । Humanitarian Country Team (HCT) and key partners engaged Durham University ले गरेको अध्ययन अनुसार नेपालको मध्य तथा सुदुरपश्चिम भागमा भूकम्प जान सक्ने सम्भावना रहेको र ठूलो मात्रामा जनधनको क्षति हनुसक्ने अनुमान गरेको छ । भूकम्पको जोखिममा नेपाल राष्ट्र नै उच्च जोखिमा रहेको हुनाले यस राप्ती गाउँपालिका पनि यस प्रकोपबाट अछुतो छैन ।

- धेरै घरहरुमा व्यवस्थित वायरिङ नभएको कारणले पनि विद्युतिय दुर्घटनाको सम्भावना पनि छ ।
- बजारक्षेत्र र पूर्वपश्चिम राजमार्गमा पैदलयात्री हिड्ने फुटपाथ नभएको र सवारी चाप झनै बढेकाले सडक दुर्घटनाका घटनाहरु बढिरहेको छ ।
- हाल विश्वव्यापी रुपमा कोरोनाको प्रकोपबाट राप्ती गाउँपालिका पनि मुक्त हुन सकेको छैन । हाल यस गाउँपालिकामा ३२ जना संक्रमित आइसोलेसनमा रहेको र ४ जना उपचाररत रहेको ( २०७७ श्रावण सम्मको तथ्याङ्क अनुसार)

यी माथि उल्लेखित प्रकोपका अतिरिक्त महामारी, हावाहुरी, आगलागी, चट्याङ, असिना आदिका कारणले पनि नागरिकहरुलाई बेलाबेलामा समस्यामा पारेको अवस्था छ । प्रकोपहरुको जोखिम आगामी दिनमा अझै बृद्धि हुनसक्ने सम्भावना रहेको देखिन्छ ।

### ३.८ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण

दाङ वर्षाले गर्दा अचानक आउने बाढीको कारण प्रायजसो धेरै प्रभावित हुने गर्दछ, त्यसैले जिल्लाको बाढी पुर्वानुमान मुख्यतया वर्षाको थ्रेसहोल्डमा आधारित छ । राप्ती गाउँपालिकाको बाढी जोखिमयुक्त विभिन्न गाउँहरुमा समुदायमा आधारित पूर्वसूचना प्रणाली मौजूद छ । पूर्वसूचना प्रणाली मुख्यतया दाङ उपत्यकामा तत्कालिक वर्षाको अनुगमन तथा राप्ती  नदी प्रणालीको माथिल्लो भेगमा तात्कालिक वर्षाको अनुगमनमा आधारित छ । चुरे क्षेत्रका विभिन्न नदीहरुका लागि जलस्तर अनुगमन प्रणाली विकसित गरिएको छ तर पानीको बहाव तीव्र वृद्धिको केहि छिन् पछि नैं बहाव कम हुने भएकोले जोखिमयुक्त मानिसहरुलाई सुरक्षित हुने पर्याप्त समय उपलब्ध हुँदैन । त्यस अवस्थामा, माथिल्लो क्षेत्रमा वर्षामापन केन्द्रको तात्कालिक अनुगमनले तल्लो भेगका समुदायहरुलाई अचानक आउने बाढीका लागि पूर्वसूचना दिन बढी प्रभावकारी भएको छ ।

बाढीको जोखिममा रहेका राप्ती गाउँपालिकाका १३ वटा समुदायहरु यस पूर्वसूचना प्रणालीले प्रत्यक्ष रुपमा लाभान्भित भएका छन् । पूर्वसूचनालाई समुदायसम्म पुर्‍याउन पूर्वसूचना प्रणाली सञ्चार संयत्रको स्थापना भएको छ । यसै संयन्त्रले माथिल्लो क्षेत्रमा वर्षामापन केन्द्रको तात्कालिक अनुगमनको आधारमा तल्लो भेगका समुदायहरुलाई अचानक आउने बाढीका लागि पूर्वसूचना प्रदान गर्दछ । यसै सूचनाको आधारमा तल्लो भेगका समुदायहरुले आवश्यक बाढीको पूर्वतयारी क्रियाकलाप गर्छन ।

**सरोकारवाला संस्थाहरु**

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यहरुमा संलग्न हुने विषयगत कार्यालयहरु सरोकारवाला निकाय तथा संघसंस्थाहरुको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

### ३.९ विषयगत क्षेत्रहरु

**विषयगत क्षेत्रको परिचयः**

विपद्बाट प्रभावितहरुलाई आधारभूत मानवीय सेवा उपलब्ध गराउने सन्दर्भमा विशेषज्ञता तथा कार्यक्षेत्रका आधारमा जिम्मेवारीको बाँडफाड नै विषयगत क्षेत्रको रुप हो । उद्धार तथा राहत, पूर्वसूचना र समन्वय, खाद्यान्न, आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन, सुरक्षा तथा संरक्षण, शिक्षा जस्ता विषयमा विशेषज्ञता हासिल गरेको समूहले आ-आफ्नो क्षेत्रको जिम्मेवारी लिंदा मानवीय सहयोगको कार्य व्यवस्थित र प्रभावकारी बन्ने अवधारणका साथै क्षेत्रगत अवधारणालाई विपद्बाट विस्थापित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउने गरी गरिएको कार्यविभाजन भनेर पनि बुझ्न सकिन्छ । क्षेत्रगत अवधारणाका प्रमुख विशेषता देहायअनुसार रहेका छन्

- विपद्को समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- प्रतिकार्य (खोज, उद्धार र राहत व्यवस्थापन) प्रक्रियामा विशेषज्ञताको उपयोग हुन्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमीकमजोरीमा सुधार गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकता अनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

**विषयगत क्षेत्रको उद्देश्य**

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहायअनुसार रहेका छन्ः

१. क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,
२. आपतकालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु,
३. क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु,
४. समन्वय र समभ्रुदारी अभिवृद्धि गर्नु,
५. क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

**विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरू**

यस योजनामा निम्नअनुसार राप्ती गाउँपालिकामा ७ वटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको नेतृत्व गर्ने निकायले अन्य सदस्यसँग समन्वय गरी काम गर्नेछन् ।

- खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र
- आपतकालीन आवास तथा गैरखाद्य विषयगत क्षेत्र
- कृषि तथा खाद्य विषयगत क्षेत्र
- स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण विषयगत क्षेत्र
- संरक्षण विषयगत क्षेत्र
- शिक्षा विषयगत क्षेत्र
- राहत, पुनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्र

**गाउँपालिका स्तरीय विषयगत क्षेत्र विवरण**

**खोज तथा उद्धार पूर्वसूचना र समन्वय विषयगत क्षेत्र १**

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | नुमानन्द सुवेदी | अध्यक्ष | ९८५७८४१००५<br>९८५७८२५३८९ |
| २ | गाउँपालिका | शोभराम रिजाल | प्र.प्र.अ | ९८५७८४२१११ |
| ३ | इलाका प्रहरी कार्यालय भालुवाङ | गंगा बहादुर सारु | प्र. नि. | ९८५७८४०२८४ |
| ४ | सशस्त्र प्रहरी बल नं. २९ गण ज्वालामाई | स.प्र.ना.उ. राम बहादुर पालि वोगटि | विपद् फोकल पर्सन | ०८४ १५१३५ |
| ६ | प्रहरी चौकी सिसहनीया | गोपाल कु. मल्ल | प्र. ना. नि | ९८६३१२०३०५ |
| ७ | वडा प्रतिनिधि ६ नं वडा | वेद प्रसाद चौधरी | वडाध्यक्ष | ९८५७८४१०१५ |
| ८ | नेपाल रेडक्रकस सोसाइटी | महेश शर्मा | सभापति | ९८५७८३१६९३ |
| ९ | गाउँपालिका विपद् व्यवस्थापन शाखा | सुवास भट्टराई | विपद् व्यवस्थापन फोकल पर्सन | ९८४७८५०९८९ |
| १० | पत्रकार प्रतिनिधि | तिर्थराज ज्ञवाली | | ९८४७८४५११९ |
| ११ | खोज तथा उद्धार कार्यदल प्रतिनिधि | हरिश चन्द्र चौधरी | संयोजक | ९८२९५७४५११ |

आपतकालीन आवास तथा गैरखाद्य विषयतग क्षेत्र २

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | जगदम्बा चौधरी | उपाध्यक्ष | ९८५७८४१००६<br>९८४७८३२८१८ |
| २ | नेपाल रेडक्रकस सोसाइटी | महेश शर्मा | सभापति | ९८५७८३१६९३ |
| ३ | ईलाका प्रहरी कार्यालय भालुवाङ | गंगा बहादुर सारु | प्र. नि | ९८५७८४०२८४ |
| ४ | सशस्त्र प्रहरी बल नं. २९ गण ज्वालामाई | स.प्र.ना.उ. राम बहादुर पालि वोगटि | विपद् फ्रो कल पर्सन | ०८४ १५१३५ |
| ५ | प्रहरी चौकी सिसहनीया | गोपाल कु . मल्ल | प्र. ना. नि | ९८६३१२०३०५ |
| ६ | वडा प्रतिनिधि ४ नं वडा | विष्णु बहादुर जि.सी. | वडाध्यक्ष | ९८०६२११४४२ |
| ७ | सामुदायिक वन उपभोक्त महासंघ | हरिप्रसाद भुषाल | अध्यक्ष | ९८५७८४०३९५ |
| ८ | उद्योग बाणिज्य संघ भालुवाङ | इश्वरी अधिकारी | अध्यक्ष | ९८४७८६१३२० |
| ९ | बचत समूह प्रतिनिधि | शिवध्वज मल्ल | अध्यक्ष | ९८०१३५७६५० |
| १० | विद्यालय प्रतिनिधि, आदर्श मावि | किरण पाखरेल | प्र.अ | ९८५७८४२०११ |
| ११ | विद्यालय व्यवस्थापन प्रतिनिधि | हुकुम बहादुर बस्नेत | अध्यक्ष | ९८४७८८२७५९२ |

**कृषि तथा खाद्य विषयगत क्षेत्र ३**

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | कृषि विकास शाखा | महेश अधिकारी | शाखा प्रमुख | ९८४७८४०५९२ |
| २ | पशु सेवा शाखा | शेरबहादुर हमाल | पशु सेवा प्राविधिक | ९८६६७३२५२२ |
| ३ | नेपाल रेडक्रस सोसाइटी उपशाखा | मेनुका शर्मा | उपसभापति | ९८६६९२८१३० |
| ४ | कृषि सहकारी संस्था प्रतिनिधि (नयाँ समाज कृषि सहकारी संस्था) | हनुमान चौधरी | अध्यक्ष | ९८५७८४१४६९ |
| ५ | कृषक समूह प्रतिनिधि | नुम बहादुर के.सी. | संयोजक | ९८४७८७९१६४ |
| ६ | वडा प्रतिनिधि ५ नं. वडा | गोवर्द्धन रावत | वडाध्यक्ष | ९८४९०८५४२४ |
| ७ | कृषि क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि (नामसालिङ सामुदायिक विकास केन्द्र) | सशांक आचार्य | संयोजक | ९८५७८५९६१६ |

**स्वास्थ्य, खानेपानी तथा सरसफाइ र षोषण विषयगत क्षेत्रः ४**

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा गा.पा. | नारायण राउत | शाखा प्रमुख | ९८५७८३१४५६ |
| २ | नेपाल रेडक्रस सोसाइटी | महेश शर्मा | सभापति | ९८५७८३१६९३ |
| ३ | वडा प्रतिनिधि ७ नं वडा | बिद्या शरण चौधरी | वडाध्यक्ष | ९८४६८९२०३५ |
| ४ | लालमटिया स्वास्थ्य चौकी | नवराज न्यौपान | प्रमुख | ९८५७८३१३२२ |
| ५ | सिसहनिया स्वास्थ्य चौकी | शिवहरि शर्मा | प्रमुख | ९८४७८२७८६७ |
| ६ | मौरिघाट सामुदायिक इकाई वार्ड नं ४ | जानकी रोका | प्रमुख | ९८४७८२८३४२ |
| ७ | पत्थर गडवा सामुदायिक इकाई वार्ड नं ६ | चन्द्रा कुमारी चौधरी | प्रमुख | ९८६८६२३९३४ |

| | | | | |
|---|---|---|---|---|
| ८ | देविकोट सामुदायिक इकाई वार्ड नं ९ | यज्ञ बहादुर कार्की | प्रमुख | ९८६८८६११३३१ |
| ९ | महिला स्वास्थ्य स्वयमसेविका प्रतिनिधि | सरिता भुषाल | स्वयमसेविका | ९८४७९६९२२८ |
| १० | पोषणमा कार्यरत गैसस प्रतिनिधि | नितु चौधरी | सुआहारा दोस्रो | ९८६०६९४३०० |
| ११ | खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ प्रतिनिधि | हस्त बहादुर गुरुङ्ग | अध्यक्ष | ९८५७८३२०७६ |

**५. संरक्षण विषयगत क्षेत्र**

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | महिला तथा बालबालिका शाखा | जीवन कुमारी जिसी | शाखा प्रमुख | ९८४८३०६०५९ |
| २ | ईलाका प्रहरी कार्यालय भालुवाङ | गंगा बहादुर सारु | प्र. नि | ९८५७८४०२८४ |
| ३ | सशस्त्र प्रहरी बल नं. २९ गण ज्वालामाई | स.प्र.ना.उ. राम बहादुर पालि वोगटि | विपद् फोकल पर्सन | ०८४ १५१३५ |
| ४ | प्रहरी चौकी सिसहनीया | गोपाल कु. मल्ल | प्र. ना. नि | ९८६३१२०३०५ |
| ५ | नेपाल रेडक्रकस सोसाइटी उपशाखा | महेश शर्मा | सभापति | ९८५७८३१६९३ |
| ६ | बाल सञ्जाल प्रतिनिधि | सुनिल बाउबल | संयोजक | ९८२२९७१२११ |
| ७ | महिला सञ्जाल प्रतिनिधि | भगवता शर्मा | अध्यक्ष | ९८४७९६९१२४ |
| ८ | अपाङ्ग सञ्जाल प्रतिनिधि | दुखराम सार्की | संयोजक | ९८०६२८९३०० |
| ९ | वडा प्रतिनिधि वडा नं. १ | तारा बहादुर डीसी | वडाध्यक्ष | ९८५७८४०६७१ |
| १० | विद्यालय प्रतिनिधि | लोकेन्द्र के.सी. | प्र.अ राष्ट्रिय मावि | ९८५७८४०१०० |
| ११ | वि.व्य.स. प्रतिनिधि | रामप्रसाद चौधरी | अध्यक्ष शंकर मावि | ९८०९७४६८८२ |

**६.शिक्षा विषयगत क्षेत्र**

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका शिक्षा शाखा | विश्वास बि.क | शाखा प्रमुख | ९८४३८८७८७८ |
| २ | वडा प्रतिनिधि वडा नं २ | जगत बहादुर थापा | वडाध्यक्ष | ९८४८७४२७७० |
| ३ | वडा प्रतिनिधि वडा नं ८ | गोकर्ण बहादुर राना | वडाध्यक्ष | ९८४७९३१३१२ |
| ४ | विद्यालय प्रतिनिधि (श्री मावि) | सीता रिजाल | प्रअ | ९८५७८४१३६७ |
| ५ | वि.व्य.स. प्रतिनिधि (ज्ञानोदय मावि) | भिम बहादुर चौधरी | अध्यक्ष | ९८४७८४१२८७ |
| ६ | शिक्षक अभिभावक संघ (सर्वोदय मावि) | देवप्रसाद चौधरी | अध्यक्ष | ९८४७८००७२७ |
| ७ | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | महेश शर्मा | सभापति | ९८५७८३१६९३ |
| ८ | शिक्षक महासंघ प्रतिनिधि | कुलराज जैसी | अध्यक्ष | ९८५७८४०९८५ |
| ९ | स्थानीय सञ्चारकर्मी | ओप्रकास गुप्ता | पत्रकार | ९८४७९६८३२९ |
| १० | शिक्षा क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि | गीता पौडेल | गैससकर्मी | ९८६६६५२६३२ |

**७. राहत पुनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्र**

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | ग.पा. पुर्वाधार विकास शाखा | अशोक बेलबासे | शाखा प्रमुख | ९८४९६०७८७६ |
| २ | वडा प्रतिनिधि वडा नं. ३ | चन्दर चौधरी | वडाध्यक्ष | ९८६३१५०७२५ |
| ३ | वडा प्रतिनिधि वडा नं. ९ | रिमबहादुर सुनारी मगर | वडाध्यक्ष | ९८१०९४७३३० |

| | | | | |
|---|---|---|---|---|
| ४ | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | महेश शर्मा | सभापति | ९८५७८३१६९३ |
| ५ | नेकपा | धर्मराज अधिकारी | अध्यक्ष | ९८५७८४१७०५ |
| ६ | नेपाली कांग्रेस | दुर्योधन पाण्डे | सभापति | ९८०९५७९४०३ |
| ७ | राष्ट्रिय जनमोर्चा | केशव राज खनाल | अध्यक्ष | ९८०९७१३१८६ |
| ८ | जनता समाजबादी पार्टी | भूमि गुरुङ्ग | अध्यक्ष | ९८४७९८४३८६ |
| ९ | राष्ट्रिय प्रजातन्त्र पार्टी | टेक बहादुर गिरी | अध्यक्ष | |
| १० | स्थानीय उद्योगी व्यवसायी | जगतप्रसाद पोखरेल | अध्यक्ष | ९८५७८४०११२ |
| ११ | स्थानीय उद्योगी व्यवसायी | शान्तराज भण्डारी | प्रतिनिधि | ९८५७८३२३६७ |

# परिच्छेद – ४

**सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि)**

**४.१ प्राथमिकता प्राप्त पूर्वतयारी**

विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न स्थानीय विपद् व्यवस्थापन समितिले पूर्वतयारीका विभिन्न गतिविधिहरु गर्नेछ । विपद् पूर्वतयारीका साथै विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण विधिलाई मुलप्रवाहीकरण गर्ने सोच अघि बढाउन र यस योजनाको नियमित रूपमा अद्यावधिक गर्न निम्न रणनीतिक क्रियाकलापहरु समावेश गरिएको छः

| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | जिम्मेवारी | समयावधि |
|---|---|---|---|
| १. | गाउँपालिकामा विपद्को समयमा कार्य गर्ने देहाय बमोजिम गठित विषयगत क्षेत्रहरुको वार्षिक कार्ययोजना तयार गर्न लगाई तम्तयारीमा राख्ने र अन्तर कार्यदल समन्वय संयन्त्रको विकास गर्ने ।<br>• खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्र<br>• आपतकालीन आवास तथा गैरखाद्य विषयगत क्षेत्र<br>• कृषि तथा खाद्य विषयगत क्षेत्र<br>• वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषण विषयगत क्षेत्र<br>• संरक्षण विषयगत क्षेत्र<br>• शिक्षा विषयगत क्षेत्र<br>• राहत पुनर्स्थापना तथा पुनर्निर्माण  विषयगत क्षेत्र | गाउँपालिका<br>स्था.वि.व्य.स. | २०७७ मंसिर महिना भित्र |
| २. | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका गतिविधिहरुमा संलग्न एक सकृय सूचना व्यवस्थापन संयन्त्र निर्माण गरिनेछ | गाउँपालिका | २०७७ साल भित्र |
| ३. | गाउँपालिकामा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन गरिनेछ | गाउँपालिका | २०७७ साल भित्र |
| ४. | जोखिम तथा प्रकोपका क्षेत्रहरु अध्ययन गरी विपद्सँग सम्बन्धित जोखिम नक्सा तयार गरिनेछ | गाउँपालिका | २०७७ साल भित्र |
| ५. | विपद्को समयमा उद्दारका लागि आश्रयस्थल, सार्वजनिक भवन, हेलिप्याड, दमकल तथा एम्बुलेन्सका लागि पहल गरिनेछ | गाउँपालिका | २०७७ साल भित्र |
| ६. | संकटासन्न वडा तहमा डुङ्गा, हेण्ड माइक, डोरी, लाइफ ज्याकेट, ट्यूब, सिठ्ठी, साइरन आदिको व्यवस्था गर्ने | गाउँपालिका<br>स्था.वि.व्य.स. | २०७८ जेष्ठ महिना भित्र |
| ७. | विपद् व्यवस्थापनका लागि एक वडा एक सुरक्षित क्षेत्र पहिचान गरिनेछ | गाउँपालिका | २०७७ साल भित्र |

| | | | |
|---|---|---|---|
| ८. | सुरक्षा निकायहरु, गाउँपालिका, रेडक्रस, एम्बुलेन्स स्थानीय जनप्रतिनिधिहरुको सम्पर्क नम्बर संकलन गरी हरेक व्यक्तिको घरघरमा रहने गरी व्यवस्था गर्ने । | गाउँपालिका स्था.वि.व्य.स. | २०७८ जेष्ठ महिना भित्र |
| ९. | आधारभूत खोज तथा उद्धारका लागि डोरी, रिङबेल्ट, लाइफ ज्याकेट, बोराहरु, प्राथमिक उपचारका सामग्रीहरु, त्रिपाल, कम्वल लगायतका सामग्रीहरु खरिद गरी सुरक्षा निकायहरुमा तयारी अवस्थामा राख्ने । | गाउँपालिका स्था.वि.व्य.स. | २०७८ जेष्ठ महिना भित्र |
| १०. | कमसेकम टोलगत रुपमा र सबै कार्यालयहरु, उद्योगहरु आदिमा अग्नी शमनयन्त्र (Fire Extinguisher) राख्ने । | गाउँपालिका स्था.वि.व्य.स. | २०७७ माघ महिना भित्र |
| १२. | गाउँपालिकामा विपद् व्यवस्थापन कोषको स्थापना गरी सोको सञ्चालन निर्देशिका तयार गर्ने । | गाउँपालिका स्था.वि.व्य.स. | तत्काल |
| १३. | वडा र गाउँपालिकाका जनप्रतिनिधिहरुलाई विपद् व्यवस्थापन, आधारभूत मानवीय सहायता मापदण्ड र स्फेयर (SPHERE) सम्बन्धी तालिम सञ्चालन गर्ने । | व्यक्ति स्वयं, सम्बन्धित कार्यालय | २०७७ माघ महिना भित्र |
| १४. | प्रत्येक सङ्कटासन्न समुदायको सूचना सञ्जाल तयार गरी सम्पर्क व्यक्ति तोक्ने । | गाउँपालिका स्था.वि.व्य.स. | २०७७ भित्र |
| १५. | विपद् व्यवस्थापन समितिलाई कृत्रिम घटना अभ्यास तालिमको आयोजना गर्ने र समय समयमा विद्यालय र समुदायमा कृत्रिम घटना अभ्यास गर्ने । | गाउँपालिका | २०७७ माघ महिना भित्र |
| १६. | महामारीबाट बच्न स्वास्थ्यकर्मीहरुलाई व्यक्तिगत सुरक्षा सामग्रीहरुको बन्दोबस्त मिलाउने । | गाउँपालिका | तत्काल |
| १७ं | अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा आपतकालीन अवस्थाको लागि औषधी तथा सामग्रीहरुको जोहो गरिराख्ने । | गाउँपालिका | समय समयमा |
| १८. | पूर्व मनसुन कार्यशाला आयोजना गरी सम्भावित विपद्को लागि सरोकारवाला सबै निकायहरुलाई तम्तयारी अवस्थामा राख्ने | गाउँपालिका | जेष्ठ महिनामा |
| १९. | सबै कार्यदल सदस्यहरु र सहयोगी निकायका मुख्य व्यक्तिहरुको अद्यावधिक सूची तयार गर्ने । | गाउँपालिका स्वास्थ्य शाखा | २०७७ मंसिर महिना भित्र |
| २०. | प्रारम्भिक लेखाजोखा, मुल्याङ्कन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने । | गाउँपालिका | २०७७ मंसिर महिना भित्र |
| २१. | द्रुत लेखाजोखा गर्ने फर्मेट छपाई गरी गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समितिका सदस्यहरुलाई उपलब्ध गराउने । | गाउँपालिका स्था.वि.व्य.स. | २०७७ मंसिर महिना भित्र |
| २२. | बाढीको विषयमा समुदायमा पूर्वसूचना प्रणाली सञ्जालको क्षमता विकास गरी एसएमएस प्रणाली सवै समुदायको पहुँचमा पुऱ्याउने व्यवस्था मिलाउने । | स्था.वि.व्य.स. | २०७८ बैशाख महिना भित्र |
| २३. | विपद् जोखिम व्यवस्थापन बारे समुदायमा जनचेतना अभिवृद्धि गर्ने र सरोकारवालाको क्षमता विकासका लागि काम गर्न संस्थाहरूबीच समन्वय गरी निजी क्षेत्रसमेतको सहभागिता सुनिश्चित गर्ने । | स्था.वि.व्य.स. र सबै विषयगत क्षेत्रहरु | २०७८ बैशाख महिना भित्र |
| २४. | मानव संसाधन विकास तथा व्यवस्थापन<br>▪ प्रत्येक वडा र सङ्कटासन्न समुदायमा उद्धारकर्मी तथा प्राथमिक उपचारक टिम तयार गर्ने ।<br>▪ विपद्को समयमा उद्धारमा खटाउन सकिने स्वयंसेवकहरुको वडागत सूची अद्यावधिक गर्ने ।<br>▪ गठन भएका सबै कार्यदलको द्वैमासिक बैठक गरी मौसमी प्रकोपको निर्माण गरी सोही आधामा पूर्वतयारीका गतिविधि सञ्चालन गर्ने । | स्था.वि.व्य.स. र गाउँपालिका स्वास्थ्य शाखा | २०७७ साल भित्र |

# परिच्छेद – ५

**पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (बाढी)**

नेपाल बाढीको पुर्वानुमान प्रणाली विकासको सन्दर्भमा प्रारम्भिक चरणमा छ। आजसम्म पनि नदी जलाधार सम्बन्धी निर्धारणात्मक हाइड्रोलोजिकल मोडेल सञ्चालित भएका छैनन्। त्यसैले दाङ र देशको अन्य बाढी जोखिम क्षेत्रहरुमा सञ्चालित पूर्वसूचना प्रणाली पूर्णरुपले नदी र वर्षाको तात्कालिक अनुगमनमा आधारित छन्। यस सामान्य प्रणालीको एक प्रमुख कमजोरी विशेष गरी भिरालो पहाडी क्षेत्रदेखि उत्पन्न भएका नदीहरुमा विपद् प्रतिकार्यका लागि ज्यादै कम समय (२/३ घण्टा भन्दा पनि कम) उपलब्ध हुनु हो। दाङ वर्षाले गर्दा अचानक आउने बाढीको कारण प्रायजसो धेरै प्रभावित हुने गर्दछ, त्यसैले जिल्लाको बाढी पूर्वानुमान मुख्यतया वर्षाको थ्रेसहोल्डमा आधारित छ।

**दाङमा पूर्वसूचना प्रणाली :**

दाङ जिल्लाको बाढी जोखिमयुक्त विभिन्न गाउँहरुमा समुदायमा आधारित पूर्वसूचना प्रणाली मौजूद छ। पूर्वसूचना प्रणाली मुख्यतया दाङ उपत्यकामा तत्कालिक वर्षाको अनुगमन तथा राप्ती र बबई नदी प्रणालीको माथिल्लो भेगमा तात्कालिक वर्षाको अनुगमनमा आधारित छन्। चुरे क्षेत्रका विभिन्न नदीहरुका लागि जलस्तर अनुगमन प्रणाली विकसित गरिएको छ तर पानीको बहाव तीव्र वृद्धिको केहि छिन् पछि नैं बहाव कम हुने भएकोले जोखिमयुक्त मानिसहरुलाई सुरक्षित हुने पर्याप्त समय उपलब्ध हुँदैन। त्यस अवस्थामा, माथिल्लो क्षेत्रमा वर्षामापन केन्द्रको तात्कालिक अनुगमनले तल्लो भेगका समुदायहरुलाई अचानक आउने बाढीका लागि पूर्वसूचना दिन बढी प्रभावकारी भएको छ।

**१० दिनको पूर्वानुमानद्वारा शुरू हुने पूर्व तयारी र प्रारम्भिक कार्य**

| ट्रिगर लेभल | क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान बिभाग कार्यालयद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा क्लस्टर प्रमुख तथा उपप्रमुखहरूलाई जानकारी दिने | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | सन्निकट बाढीसँग सम्बन्धित सूचनाको सँगठन भित्र अन्तरिक सूचना प्रवाह गर्ने | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | आश्रय सामग्रीहरु, गैरखाद्य पदार्थ, खाद्यान्न, पानी र औषधि आपतकालीन भण्डारण गर्ने। यी वस्तुहरुलाई पहिले नैं तयारी हालतमा राख्ने र आवश्यक परेका बेला समुदायलाई तुरुन्तै उपलब्ध गराउने | विषयगत क्षेत्र प्रमुखहरु, सहयोगी निकाय |
| | स्वास्थ्य केन्द्रहरु, शिक्षा केन्द्र, र आश्रयस्थल जस्ता अस्थायी सुविधाका लागि स्थलगत योजना बनाउने | विषयगत क्षेत्र प्रमुख, सहयोगी निकाय, नेपाल रेडक्रस सोसाइटी |
| | महत्वपूर्ण राहत प्याकेज र प्रारम्भिक प्राथमिकता सहायता पहिचान गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| | सम्बन्धित क्षेत्रमा बाढीको सम्भावनाबारे समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरु र कार्यदलहरुलाई सूचित गर्ने | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र,वडा विपद् व्यवस्थापन समिति,नेपाल रेडक्रस सोसाइटी |
| | क्षेत्र (नदीको तट नजिक बसोबास गरिरहेका मानिसहरु सबैभन्दा असुरक्षित हुन्) देखि बाढीको कारण विस्थापित हुनसक्ने सम्भावित जनसंख्याको पहिचान गर्ने | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय, गैरखाद्य तथा आवास व्यवस्थापन विषयगत क्षेत्र |

| | | |
|---|---|---|
| उच्च | कृषकहरूलाई धान रोप्न एक हप्ता ढिलो गर्न सूचित गर्ने<br>कृषकहरूलाई बाली/तरकारी/फलफूल/माछा उपजबारे सूचित गर्ने<br>कृषकहरूलाई माछापोखरी, पशुपालन, कुखुरा फारम सुरक्षा गर्न सूचित गर्ने | कृषि तथा खाद्यसुरक्षा विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, कृषक समूहहरु |
| | समुदायको सहज पहुँचको लागि झटपट झोला र पानी नछिर्ने कागजात राख्ने थैली र त्यस्तै संचित सामग्री सामुदायिक विपद् व्यवस्थापन समिति कार्यालय वा अन्य ठाउँहरूमा तयार गर्ने | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |
| | आपतकालीन औषधि, प्राथमिक उपचार किट र स्वास्थ्य किट स्थानीय स्वास्थ्य केन्द्रलाई सहयोग गर्ने | गाउँपालिका, स्वास्थ्य खानेपानी, सरसफाइ र पोषण विषयगत क्षेत्र, स्वास्थ्य क्षेत्रमा कार्यरत गैससहरु |
| | अस्थायी शिविर र टेन्ट सुरक्षित स्थानमा निर्माण गर्ने | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय स्वयमसेवकहरु |
| | तयारी खाद्यपदार्थको प्याकेजिङ्ग र पहिचान गरिएको संकटासन्न समुदायमा भण्डारण गर्ने | खाद्य तथा कृषि विषयगत क्षेत्र, उद्योग बाणिज्य संघ, पेशागत व्यवसायिक संघ संस्थाहरु |
| मध्यम | सङ्कटासन्न बस्ती र टोलका उपयुक्त स्थानमा प्राथमिक उपचार किट र क्लोरिन झोल (पानी निर्मलीकरण) भण्डारको व्यवस्था गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र |
| | रेडक्रस उपशाखामा आपतकालीन औषधि मौज्दात राख्ने | नेपाल रेडक्रस सोसाइटी क्लस्टर प्रमुखसँग |
| | सुरक्षित मार्ग, परिवहन वाहन, डुङ्गा आदिको योजना बनाउन | नेपाल रेडक्रस सोसाइटी क्लस्टर प्रमुखसँग |
| | प्रारम्भिक द्रुत लेखाजोखा, मुल्याङ्कन, घरधुरी सर्वेक्षण विवरण फारम र सामग्रीको मुद्रण कार्य गर्ने | क्लस्टर प्रमुखको समन्वयमा सम्बन्धित सबै लाइन एजेन्सीहरु |
| | सुरक्षित घर र शिविर व्यवस्थापन टोली बनाउने | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, गौरखाद्य तथा आवास व्यवस्थापन विषयगत क्षेत्र |
| | महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष व्यवस्था गर्ने | संरक्षण विषयगत क्षेत्र, महिला तथा बालबालिकाका क्षेत्रमा कार्यरत गैससहरु |
| | आवश्यक परिमाणमा ड्राई फुड जस्तैः चाउचाउ, बिस्कुट, दालमोठ, चिउरा आदिको व्यवस्था गर्ने | गाउँपालिका, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी, |
| | स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य टोली र द्रुत प्रतिकार्य टोली आगामी दिनहरुमा पूर्वानुमान र आफ्ना सम्भावित भूमिका र जिम्मेवारीबारे सजग छन् भन्ने सुनिश्चित गर्ने<br>स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य टोली र द्रुत प्रतिकार्य टोलीलाई आवश्यक तालिम र अभिमुखिकरण प्रदान गर्ने | विषयगत क्षेत्र प्रमुखहरु, स्थानीय गैससहरु |
| | खुला स्थानहरु पहिचान गर्ने र बाढीको स्थितिमा ती स्थानका उपयोग गर्ने योजना बनाउने | वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, गैससहरु |
| | भण्डारणको लागि घरपालुवा जनावरहरु र जीवन निर्वाह सामग्रीहरुका लागि सुरक्षित स्थानको पहिचान गर्ने | गाउँपालिका, पशुसेवा शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |
| न्युन | सम्पूर्ण पूर्वतयारी (साधारण) गतिविधिहरु पहिले नै सम्पन्न भैसकेको सुनिश्चित गर्ने | गाउँपालिका, विषयक्षेत्रगत अगुवा निकाय |

**दिनको पूर्वानुमानद्वारा शुरू हुने प्रारम्भिक कार्य र पूर्वतयारी**

| ट्रिगर लेभल | क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान बिभाग महाशाखाद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा क्लस्टर, क्लस्टर प्रमुख र उपप्रमुखहरुलाई जानकारी दिने | गाउँपालिका, विषयक्षेत्रगत प्रमुखहरु |
| | हरेक क्लस्टरका लागि समन्वय बैठक, स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बोलाउने | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्रगत प्रमुखहरु |
| | सामुदायिक विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिका बैठक बस्ने | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने | गाउँपालिका, सुरक्षा निकाय |
| | स्थानीय विपद् प्रतिकार्य टोलीको परिचालन, सम्भावित बाढीको खतरा भएको गाउँहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन गर्ने | गाउँपालिका, सुरक्षा निकाय |
| | बाढी पीडित आश्रयस्थल र शिविरहरुमा १ देखि ३ दिनसम्म पुग्ने पर्याप्त ड्राई फुड स्थानान्तरित गर्ने | गाउँपालिका,वडा कार्यालय, सुरक्षा निकाय |
| | सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरणका लागि क्लोरिन झोल वितरण गर्ने | नेपाल रेडक्रस सोसाइटी, विश्व स्वास्थ्य सँगठन |
| | जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला र आपतमा परेका मानिसहरुका लागि अन्यत्र सार्ने प्रक्रिया शुरु गर्ने | गाउँपालिका, वडा कार्यालय, सुरक्षा निकाय |
| | सामान्य पूर्वतयारीका क्रियाकलापहरु सुचारुरुपले कार्यान्वयन भए नभएको अनुगमन गर्नु | गाउँपालिका विपद् व्यवस्थापन शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | कमान्ड पोस्टको विकास गर्ने, सङ्कटासन्न परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने | गाउँपालिका विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय |
| | घुम्ती क्लिनिकको स्थापना र परिचालनका लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउन | |
| | समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति क्लस्टर बैठक गर्ने | गाउँपालिका, विषयगत क्षेत्र प्रमुख, नेपाल रेडक्रस सोसाइटी |
| मध्यम | गर्भवती महिला तथा नर्सिङ आमाहरूलाई स्वस्थ किट वितरण गर्ने | संरक्षण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, गैससहरु |
| | खाद्य आपूर्ति भण्डारणको निम्ति पानी नछिर्ने झोला वितरण गर्ने | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु/गैरसरकारी संस्थाहरुको सहयोगमा नेपाल रेडक्रस सोसाइटी |
| | नागरिकता प्रमाणपत्र, राहदानी, जग्गा धनी पुर्जा प्रमाणपत्र, सवारी चालक अनुमति पत्र, शैक्षिक प्रमाण पत्र आदि जस्ता महत्वपूर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने थैली वितरण गर्ने | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु/गैरसरकारी संस्थाहरुको सहयोगमा नेपाल रेडक्रस सोसाइटी |
| | महत्वपूर्ण कागजातहरुलाई पानी नछिर्ने थैलीमा राख्न र खाद्य पदार्थ लगायत अन्य वस्तुहरु पानी नछिर्ने झोलामा राख्न सहजिकरण गर्ने | गाउँपालिका, वडा कार्यालय,सामुदायिक विपद् व्यवस्थापन समिति |
| | रबरको पञ्जा, रबरको बुट आदिसहित पानी नछिर्ने कपडा वितरण गर्ने | नेपाल रेडक्रस सोसाइटी, जिल्ला प्रमुख सहयोगी संस्था |
| | अनुगमन तथा मुल्याङ्कन टोलीको गठन | गाउँपालिका, वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति |
| निम्न | साधारण पूर्वतयारीमा उल्लेखित सम्पूर्ण गतिविधिहरु र मध्यमस्तर सम्भाव्यताका सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | |

**१ दिनको पूर्वानुमानको आपत्कालीन पूर्व तयारी**

| ट्रिगर लेभल | क्रियाकलापहरु | जिम्मेवारी |
|---|---|---|
| उच्च | जलमापन केन्द्रहरूसँग नियमित सञ्चार गर्ने र जल स्तर एफएम तथा रेडियो स्टेसनहरूलाई अद्यावधिक गराउने | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र गाउँपालिका, वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | खोज तथा उद्दार, क्लस्टर र सूचना तथा सञ्चार क्लस्टरको आपतकालीन बैठक बस्ने | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, सुरक्षा निकाय |
| | नदीको किनार नजिकै र बाढीको खतरा क्षेत्रमा बसोबास गरिरहेका सबैभन्दा सङ्कटासन्न जनसमुदायलाई स्थानान्तरण गर्ने | नेपाल सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल |
| | घरपालुवा जनावरहरुलाई सुरक्षित क्षेत्रमा सार्ने | नपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल |
| | अस्थायी आश्रयस्थल र शिविरहरुमा पिउने पानी, खाद्यन्न, गैरखाद्य सामग्री जस्ता सुबिधाहरु सही तरिकाले प्रबन्ध गरिएको सुनिश्चित गर्ने | गैरसरकारी संस्थाहरु सँगको समन्वयमा क्लस्टर प्रमुखहरू |
| | छोडेर आएका घरहरु, स्थानान्तरित घरपालुवा जनावरहरु र जीवन निर्वाहका सामग्रीहरुको सुरक्षा सुनिश्चित गर्ने | गाउँपालिका, सुरक्षा निकाय |
| | अपाङ्गता भएका व्यक्ति व्यक्ति, जेष्ठ नागरिक, स्तनपान गराइरहेका आमाहरु, बालबालिका, एकल महिला आदिलाई विशेष ध्यान दिने | गाउँपालिका,संरक्षण विषयगत क्षेत्र स्थानीय गैससहरु |
| | बाढीको खतरा भएको राप्ती नदीतटीय क्षेत्रका विद्यालय बिदा दिने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र |
| मध्यम | कार्यविधि १, २, ३ मा उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै सम्भावित स्तरका लागि र कार्यविधि ४ मध्यम सम्भावित स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | |
| | बाढी प्रभावित जनसंख्यालाई गैरखाद्य सामग्री, खाद्यान्न र अन्य राहत सामग्रीहरुको वितरण प्रक्रिया विकास गर्ने | सहायता संस्थाहरुसँगको समन्वयमा क्लस्टर प्रमुखहरू |
| न्युन | सम्पूर्ण गतिविधिहरु कार्यविधि १, २, ३ सबै सम्भावित स्तरका लागि र कार्यविधि ४ मध्यम सम्भावित स्तरका लागि सम्पन्न गरिएको सुनिश्चित गर्ने | गाउँपालिका, कृषि विकास शाखा |

# परिच्छेद – ६

**आपतकालीन प्रतिकार्य योजना**

**६.१ खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र**

**क्षेत्रगत अगुवा: गाउँ कार्यपालिका अध्यक्ष**

विपद् प्रतिकार्यका लागि सूचना, समन्वय तथा लेखाजोखा क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ । प्रभावित व्यक्ति तथा प्रभावित समुदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वयद्वारा कार्य गर्नुपर्छ ।

विपद्पछिको सम्भावित परिदृश्य

- बाढीको उच्च जोखिममा रहेका क्षेत्रमा एकसाथ बाढीको प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुनेछन्,
- उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना संकलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने,
- राति बाढी गएमा ठूलो मानवीय क्षति हुनेछ भने प्रभावितले उद्धार र राहतको याचना गरिरहेको देखिने,
- रातको समयमा भूकम्प गएमा व्यापक रुपमा जनधनको क्षति हुनेछ ।

**खोज तथा उद्धार पूर्वसूचना र समन्वय क्षेत्रको क्षेत्रगत उद्देश्य**

समन्वय, पूर्वसूचना तथा खोज तथा उद्धार विषयगत क्षेत्रले संकलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

**योजनाका समष्टिगत उद्देश्य देहायअनुसार हुनेछन्ः**

१.विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।

२.निर्धारित समयभित्र "बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण (Multi Cluster Initial Rapid Assessement- MIRA)" गर्न आवश्यक समन्वय गर्नु र मीरा कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।

३.सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।

४.नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।

५ प्रतिकार्यका सन्दर्भमा आवश्यकता अनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

**आपतकालीन प्रतिकार्य योजना**

| खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र प्रतिकार्य योजना | | | |
|---|---|---|---|
| **समयावधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | स्थानीय विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बसी हरेक विषगत क्षत्रहरुलाई तथारी अवस्थामा रहन निर्देशन दिने | स्थानीय विपद् व्यवस्थापन समिति | तत्काल |
| | राप्ती गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई सकृय गराउने | गाउँपालिका विपद् व्यवस्थापन शाखा | तत्काल |
| | खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | तत्काल खोज उद्धारका लागि श्रोत साधनको प्रभावकारी परिचालन गर्ने र परिचालित हुने | खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | विपद्को सूचना प्रवाह गर्न विभिन्न सञ्चार मिडीयाहरुसँग नियमित रुपले समन्वय गरिरहने | विपद् व्यवस्थापन सम्पर्क व्यक्ति | नियमित |
| | घाइतेहरुको खोज उद्धार र बेपत्ताहरुको खोजी कार्यमा तीनवटै सुरक्षा निकायको परिचालन गर्ने | गाउँपालिका, सुरक्षा निकाय | तत्काल अवाश्यकता अनुसार |
| | एम्बुलेन्स सेवा, आपतकालीन प्राथमिक उपचार र घाइतेका लागि यातायात व्यवस्था मिलाउने | गाउँपालिका, स्थानीय यातायात ब्यवसायी | आवश्यकता अनुसार |
| | जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | गाउँपालिका, सुरक्षा निकाय | तत्काल |
| | तत्काल आवश्यक पर्ने राहत सामग्री (खाद्य सामग्री, अस्थायी बास, पानी आदी) उपलब्ध गराउन सहजिकरण गर्ने । अति जोखिममा रहेको समूहलाई केन्द्रीत गर्ने । | गाउँपालिका उद्योग बाणिज्य संघ | तत्काल |
| | घाइतेहरुको प्राथमिक उपचारका लागि स्वास्थ्य, खानेपानी सरसफाइ तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | गाउँपालिका स्थानीय स्वास्थ्य चौकी | तत्काल |
| | गम्भिर प्रकृतिका घाइतेहरुलाई यथाशिघ्र थप उपचारका लागि कोहलपुरस्थित शिक्षण अस्पताल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ पठाउने व्यवस्था मिलाउने । | गाउँपालिका खोज तथा उद्धार कार्यदल | तत्काल |

| | | | |
|---|---|---|---|
| २४ घण्टादेखि ७ दिन | स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी परिस्थितिको अद्यावधिक गर्ने | गाउँपालिका | आवश्यकता अनुसार |
| | विपद् प्रभावितहरुलाई सुरक्षित रुपले पुनस्थापित गर्ने | राप्ती गाउँपालिकाका ९ वटै वडा कार्यालय | आवश्यकता अनुसार |
| | सरकारी तथा गैरसरकारी तथा मानवीय सहयोगमा समर्पित संघ संस्थाहरुसँग समन्वय गरी राहत प्याकेज खडा गरी आपतकालीन राहत वितरण गर्ने | गाउँपालिका | तत्काल निरन्तर |
| | प्रारम्भिक द्रूत लेखाजोखा (Initial Rapid Need Assessment) गर्ने | गाउँपालिका | आवश्यकता अनुसार |
| | यथाशिघ्र प्रारम्भिक द्रत लेखाजोखाको विवरण सम्वन्धित सरोकारवालाहरुलाई जानकारी दिने । | गाउँपालिका | घटना घटेको २ दिन पछिबाट |
| | स्थानीय सरकारका सम्वन्धित निकाय तथा अन्य सरोकारवालाहरुसँग समन्वय तथा सर्म्पक स्थापित गर्ने | क्षेत्रगत अगुवा | नियमित |
| | प्रभावित स्थानमा वा शिविर सञ्चालन भएको स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने साथै महिलाको विशेष संरक्षणको व्यवस्था मिलाउन सहजिकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावितहरुको लागि तत्काल आवश्यक पर्ने खाद्यान्न लगायत न्यूनतम मानवीय सहयता सामग्री जुटाउन सहजिकरण गर्ने | क्षेत्रगत अगुवा | |
| | विपद् प्रभावितहरुको बहुमुल्य सरसमानको सूरक्षा गर्ने | सुरक्षा निकाय | स्थति नियन्त्रणमा नआउँदासम्म |
| ७ दिन देखि महिना दिन | बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा गर्न अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने | गाउँपालिका र शिक्षा क्षेत्र | घटना घटेको ७ दिनदेखि नियमित १५ दिन |
| | प्रभावित समुदायलाई स्वीकृत मापदण्ड बमोजिम नगद तथा अन्य सामाग्री सहयोग उपलब्ध गराउने | गाउँपालिका | घटना घटेको ७ दिनदेखि नियमित १५ दिन |
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रय संघ संस्थाहरु, प्रदेश सरकार र आवश्यकता अनुसार थप सहयोग माग गरी प्रभावितहरुलाई सामाजिक, साँस्कृतिक, मनोवैज्ञानिक तथा आर्थिक संरक्षकत्व प्रदान गर्ने | गाउँपालिका | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |
| | कमि कमजोरीलाई सुधार गर्दै लैजान स्थितिलाई सामान्यीकरण गर्दै जाने | गाउँपालिका | नियमित |
| | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप प्रतिकार्य भए नभएको समीक्षा गरी प्रतिवेदन तयार गर्न विपद् व्यवस्थापन सम्पर्क व्यक्तिलाई जिम्मेवारी दिने । | गाउँपालिका | नियमित |
| | मानवीय सहयोगको अनुगमन गर्ने र आगामी दिनमा सुधारका लागि पृष्ठपोषण लिने दिने । | गाउँपालिका | नियमित |

**प्रतिकार्यका लागि पूर्वतयारी योजना**

खोज तथा उद्धार, पूर्वसूचना र समन्वय क्षेत्रले आपतकालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि देहायअनुसार पूर्वतयारी गर्नेछः

| खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | |
|---|---|---|---|
| क्र. सं. | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि |
| १ | खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्रको नियमित बैठक बस्ने | खोज तथा उद्धार सूचना र समन्वय विषयगत क्षेत्र | २०७७ पौष १५ भित्र |
| २ | खोज तथा उद्धार सामग्रीहरु जस्तै डोरी, लाइफ ज्याकेट, कोदालो, टयुब, स्थानीय डुङ्गा, रवर बोट, आरा, त्रिपाल, सावेल, गैती, गल जस्ता सामग्रीहरुको व्यवस्थापन तथा भण्डारण गर्ने । | गाउँपालिका | २०७७ चैत्र मसान्त भित्र |
| ३ | हरेक वडामा खोज तथा उद्धार, प्राथमिक उपचार तथा पूर्वसूचना कार्यदल निर्माण गरी क्षमता विकास गर्ने । | वडा कार्यालय, विपद् व्यवस्थापन फोकल पर्सन | २०७७ पौष १५ भित्र |
| ४ | सम्भावित विपद् हुन सक्ने क्षेत्रको पहिचान गर्ने र सतर्क गराउने | वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति | आवश्यकता अनुसार निरन्तर |
| ५ | क्षमता विकास तलिमको व्यवस्था (खोज उद्धार, प्राथमिक उपचार, शव व्यवस्थापन) का लागि नेपाल रेडक्रस सोसाइटी, शशस्त्र प्रहरी बल भालुवाङसँग समन्वय गरी प्रत्येक वडाबाट ५ जना लाई २ चरणमा तालिम सञ्चालन गर्ने । | गाउँपालिका, वडा कार्यालय नेपाल रेडक्रस सोसाइटी उपशाखा कार्यालय | पौष १५ भित्र |
| ६ | सूचना संकलनको लागि आवश्यक पर्ने IRA/MIRA तालिमहरु सञ्चालन गर्ने | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी | २०७७ पौष १५ भित्र |
| ७ | प्रत्येक ३ महिनामा अन्तरनिकाय समन्वय छलफल गरी विद्यमान बस्तुस्थितिको विश्लेषण र अद्यावधिक गर्ने | विपद् व्यवस्थापन सम्पर्क ब्यक्ति | नियमित |
| ८ | विपद् प्रभावितहरुलाई अस्थायी वसोबासको लागि सुरक्षित स्थानको पहिचान गर्ने | वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति | २०७७ मंसिर मसान्त |
| ९ | सूचना संकलनका लागि आवश्यक पर्ने नमुना फारमहरु तयारी अवस्थामा राख्ने | विपद् व्यवस्थापन सम्पर्क व्यक्ति | नियमित |

### ६.२ स्वास्थ्य, खानेपानी सरसफाइ तथा पोषण क्षेत्र

**क्षेत्रगत अगुवाः राप्ती गाउँपालिका स्वास्थ्य शाखा**

विपद्को समयमा प्रभावित तथा विस्थापित मानिसमा स्वास्थ्यसम्बन्धी धेरै प्रकारका समस्या उत्पन्न हुने सम्भावना रहन्छ । त्यसैगरी विपद्मा परेका कतिपय मानिसलाई प्राथमिक उपचार, उपचार र शल्यक्रिया समेतको आवश्यकता पर्छ । त्यसैकारण यस कार्ययोजनाले विपद् प्रभावित समुदायको स्वास्थ्य रक्षाका लागि काम गर्छ ।

#### ६.२.१ विपद् पछिको सम्भावित परिदृश्य

- विपद्का कारण मानिसहरु घाइते भएका हुनेछन्,
- चर्पीहरू क्षतिग्रस्त हुनेछन् र फोहोर सर्वत्र फैलिएको अवस्था हुनेछ,
- पिउने पानीका मुहान र स्रोतहरू संरचनात्मक क्षतिका कारण प्रदूषित हुनेछन्,
- सरसफाइको अभावले पानीजन्य सरुवा रोग फैलिएर महामारीजन्य प्रकोप बढेर थप विपद् उत्पन्न हुने सम्भावना प्रबल रहनेछ ।
- विस्थापित परिवारका सदस्यहरुले पानीको आभावका कारण अत्यावश्यक स्वच्छताका लागि कमजोर व्यवहारले गर्दा पानीजन्य रोगको सम्भावना रहन्छ ।
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू क्षतिग्रस्त हुन सक्ने वा विपद् प्रभावितको पहुँचभन्दा बाहिर हुने, औषधि-उपचारका उपकरणहरू तथा औषधिको हानी नोक्सानी हुनेछ ।

- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ, रगतमासी, दादुरा एवं महामारीजन्य रोग, गम्भीर श्वास प्रश्वाससम्बन्धी संक्रमण, ज्वरो, आँखा अथवा छालाका संक्रामक रोगहरूमा वृद्धि हुनेछ ।
- खाद्य सामग्रीको तीव्र अभाव तथा प्रदूषित वातावरणको कारणले गर्दा गम्भीर कुपोषण, हैजा तथा झाडापखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त खुवाउने कार्यक्रम (supplemertary feeding) मा अवरोध देखा पर्नेछ ।
- विपद्बाट विस्थापित विशेषगरी गर्भवती र सुत्केरी महिला, अशक्त तथा जेष्ठ नागरिक र बिरामीको अवस्था दयनीय हुने सम्भावना हुनेछ ।
- लामखुट्टेजस्ता कीटबाट फैलिने औलो, कालाजार, डेङ्गु आदिको संक्रमण बढ्ने र सर्पदंश हुने सम्भावना रहन्छ ।
- विपद्मा परेर वा विभिन्न कारणले घाइते हुनेको संख्यामा वृद्धि भएको हुनेछ ।
- विपद् प्रभावितहरुमा कोभिड १९ को प्रकोप फैलिनसक्ने प्रवल सम्भावना हुन्छ ।

**६.२.२ क्षेत्रगत उद्देश्य**

आपतकालीन अवस्था उत्पन्न भएको समयमा विशेषगरी अत्याधिक जोखिममा रहेका समूहको स्वास्थ्य तथा पोषणसम्बन्धी आवश्यकता पूरा गर्ने प्रत्याभूति गर्नु, पानी तथा कीटाणुको माध्यमबाट लाग्ने तथा महमारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्देश्य रहनेछ । यस क्षेत्रका पुरक उद्देश्य देहायअनुसार हुनेछन्ः

- झाडापखाला, हैजा तथा औलो र पानीजन्य एवं कीटजन्य सरुवारोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु,
- रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालनजस्ता उपाय अपनाउनु,
- कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा जेष्ठ नागरिक र बिरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।

**५.२.३ आपतकालीन प्रतिकार्य योजना**

विपद्जन्य विपद्को अवस्थामा जनस्वास्थ्यको रक्षाका लागि स्वास्थ्य तथा पोषण क्षेत्रले देहायका कार्यहरु गर्नेछः

| स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्रको प्रतिकार्य योजना | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | ० देखि २४ घण्टा सम्म | विषयगत शाखाको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | स्वास्थ्य शाखा | घटना घटेको ३ घण्टा भित्र |
| | | जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा ल्याउने | खोज तथा उद्धार कार्यदल | तत्काल |
| | | प्राथमिक उपचार गर्ने र गम्भिर अवस्थाका घाइतेहरुलाई अस्पताल पठाउने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | | मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, गैसस | घटना घटेको दिनदेखि आवश्यकता अनुसार |

| | | | | |
|---|---|---|---|---|
| २ | २४ घण्टादेखि ७ दिन सम्म | शुद्ध पिउने पानी र प्रभावितहरुको अवस्था अनुसार पोषणयुक्त खानाको प्रबन्ध गर्ने | गाँउपालिका र स्वास्थ्य शाखा | आवश्यकता अनुसार |
| | | पानी शुद्धिकरणका सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | | क्षतिको विवरण संकलन गर्ने | गाउँपालिका, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | | घुम्ती स्वास्थ्य शिविरको आयोजना गर्ने | नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य शाखा | घटना घटेको २ दिन पछिबाट |
| | | खानेपानी शुद्धिकरणका विधिहरुबारे जानकारी दिने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वास्थ्य स्वयंसेविका | निरन्तर |
| ३ | ७ दिन देखि १ महिना सम्म | टोल र बस्तीहरुमा नियमित स्वास्थ्य सेवा प्रवाह गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वास्थ्य चौकी | घटना घटेको दिनदेखि नियमित |
| | | पुर्नस्थापना केन्द्रहरुमा खानेपानी, सरसफाइ, तथा पोषणयुक्त खानाको बारेमा जानकारी गराउने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी,महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वास्थ्य संस्था | घटना घटेको ७ दिन पश्चात |
| | | पुर्नस्थापना केन्द्रहरुमा स्वास्थ्य शिविर तथा सरसफाइ अभियान सञ्चालनका लागि आवास तथा गैरखाद्य विषयगत क्षेत्रसँग समन्वय गर्ने । | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वास्थ्य स्वयंसेविका, आवास तथा गैरखाद्य विषयगत क्षेत्र, स्थानीय स्वास्थ्य चौकी, महिला तथा युवा समूह | घटना घटेको ७ पश्चात |

### ६.२.४ प्रतिकार्यका लागि पूर्वतयारी योजना

विपद्को सामना गर्न आपतकालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्रले देहायअनुसार पूर्वतयारी गर्नेछः ।

| स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्रको प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | |
|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | विषयगत शाखाको नियमित बैठक बसी अवस्थाको अद्यावधिक गर्ने | स्वास्थ्य शाखा | पौष महिना भित्र |
| २ | महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क तथ्याङ्क अद्यावधिक गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | पौष महिना भित्र |
| ३ | स्वास्थ्य उपकरणको व्यवस्थापन र भण्डारण गर्ने । | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | माघ मसान्त |
| ४ | अत्यावश्यक औषधि तथा विभिन्न कीटहरुको प्रबन्ध गर्ने । | गाउँपालिका स्वास्थ्य शाखा | आवश्यकता अनुसार |
| ५ | पानी शुद्धिकरणका सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | खानेपानी संस्था महासंघ | पौष महिना भित्र |
| ६ | आपतकालीन शौचालयको व्यवस्थापन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | फागुन मसान्त भित्र |
| ७ | हरेक वडाका ५ जना युवालाई प्राथमिक उपचार तालिम दिने | गाउँपालिका स्वास्थ्य शाखा र नेपाल रेडक्रस सोसाइटी | माघ मसान्त भित्र |
| ८ | पोषणयुक्त खाद्य भण्डारणका लागि भण्डारगृहको व्यवस्थापन गर्ने | सुआहारा २ तथा गा.पा. | पौष महिना भित्र |

**कोभिड १९ मा आधारित प्रतिकार्य योजना**

| क्र. सं. | प्रतिकार्यका क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | समयावधि |
|---|---|---|---|
| १ | बाहिरबाट आउने मानिसको अभिलेख राख्ने | गाउँपालिका | नियमित |
| २ | यातायात व्यवस्थापन गर्ने | स्वास्थ्य चौकी | नियमित |
| ३ | बाहिरबाट आएका मानिसहरुलाई अनिवार्य क्वारेन्टिनमा राख्ने व्यवस्था गर्ने । | क्षेत्रका सदस्यहरु | नियमित |
| ४ | बाहिरबाट आउनेहरुको लागि तापक्रम मापन गर्ने । | गाउँपालिका | नियमित |
| ५ | पी.सी.आर परीक्षणका लागि प्रोत्साहन गर्ने । | स्वास्थ्य चौकी, सुरक्षा निकाय | नियमित |
| ६ | स्वाब संकलन तथा परीक्षणको लागि पठाउने | गाउँपालिका क्षेत्रका सदस्यहरु | नियमित |
| ७ | लकडाउन प्रभावित बिपन्न मानिसहरु, रोजगारी गुमाएका मानिसहरु, बिपन्न गर्भवती, सुत्केरी तथा एकल महिलाहरु तथा किसानहरुको लगत संकलन | गाउँपालिका स्वास्थ्य कार्यालय | नियमित |
| ८ | लकडाउन प्रभावितको लागि राहत व्यवस्थापन गर्ने । | गाउँपालिका क्षेत्रका सदस्यहरु | नियमित |
| ९ | कोभिड - १९ बाट भएको मानवीय क्षति (कुनै परिवारको कमाउने सदस्यको मृत्यू), जिविकोपार्जनमा क्षति (पेशा व्यवसाय), सामाजिक क्षति (मनोसामाजिक दुरावस्था, अन्याय, भेदभाव, हिंसा) आदिलाई न्यूनीकरण गर्ने योजना बनाउने | गाउँपालिका | नियमित |
| १० | दैनिक ज्यालादारीमा काम गर्ने मानिसहरुलाई रोजगार तथा स्वरोजगार कार्यक्रम मार्फत जीविकोपार्जन सुनिश्चित गर्ने । | क्षेत्रका सदस्यहरु | नियमित |
| ११ | किसानहरुले उत्पादन गरेका सामग्रीहरुको बजार व्यवस्था सुनिश्चित गर्ने । | सरोकारवालाहरु | नियमित |
| १२ | स्वदेशका अन्य स्थान र विदेशबाट आएका र यतै पेशा व्यवसाय गर्न चाहनेलाई व्यवसायिक योजनाको आधारमा गाउँपालिकाले सीप विकास तालिम दिई स्थानीय तहमा भएको बैंकसँग समन्वय गरी सरकारबाट दिईने सहुलियत ऋण प्रवाह गर्नको लागि सहजिकरण गर्ने । | सरोकारवालाहरु | नियमित |
| १३<br>१४ | नियमित मिचिमिचि हात धुने, मास्क प्रयोग गर्ने र स्यानीटाईजरको प्रयोग गर्ने, सामाजिक एवं भौतिक दुरी कायम गर्ने, भिडभाड कम गर्ने आदि जस्ता कुरालाई अझ प्रोत्साहन गर्ने । भेटघाट हुँदा हात मिलाउने, अंकमाल गर्ने आदी जस्ता कुरालाई निरुत्साहित वा न्यूनीकरण गर्ने । यस्ता सुरक्षात्मक कुराहरुलाई संस्कारको रुपमा विकास गर्दै दिर्घकालमा समेत हुनसक्ने भाईरल प्रकोपबाट जोगिन सक्ने वातावरण बनाउने । | वडा कार्यालय | नियमित |

**६.३ संरक्षण विषयगत क्षेत्र**

**क्षेत्रगत अगुवाः राप्ती गाउँपालिका महिला तथा बालबालिका शाखा**

विपद्‌बाट प्रभावित तथा विस्थापितको संरक्षणका लागि यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नेछ । विशेषगरी जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, महिलाजस्ता बढी प्रभावित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ ।

**विपद् पछिको अनुमानित परिदृश्य**

- जोखिमपूर्ण अवस्थाको सामना गरिरहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको संख्या धेरै हुनेछ ।
- संरक्षण गर्नुपर्ने, घाइते हुन सक्ने, विस्थापित, हराउन, अलपत्र र भेदभावमा पर्न सक्नेछन् ।
- महिला, किशोरी तथा बालिकाहरुमा हिंसाका घटनाहरु हुन सक्नेछन् ।

**क्षेत्रगत उद्देश्य**

महिला तथा बालबालिका लगायत जोखिममा परेका समूहलाई  हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

**प्रतिकार्यका लागि पूर्वतयारी**

संरक्षण क्षेत्रले आपतकालीन मानवीय सहयोगका सन्दर्भमा उपलब्ध गराउने संरक्षण सम्बन्धी कार्यका लागि देहायको तयारी गर्नेछः

| संरक्षण विषयगत क्षेत्रका प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | |
|---|---|---|---|
| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि |
| १ | संरक्षण विषयगत क्षेत्रको नियमित बैठक बसी विपद्को अवस्था विश्लेषण गर्ने । | संरक्षण विषयगत क्षेत्र | २०७७ पौष १५ भित्र |
| २ | महिला, बालबालिका,किशोर किशोरी तथा अपांगता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | २०७७ चैत्र मसान्त भित्र |
| ३ | विपद् पूर्व महिला, बालबालिका, किशोर किशोरीलाई विपद्को समयमा हुन सक्ने जोखिमबारे तालिम दिने | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | २०७७ चैत्र मसान्त |
| ४ | महिलाहरु माथि हुनसक्ने हिंशााका क्षेत्रहरुको पहिचान गर्ने । | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | नियमित |
| ५ | महिला बालबालिका,जेष्ठ नागरिक तथा अपांगता भएका नागरिकहरुलाई आवश्यक सामग्री भए नभएको निरीक्षण गर्ने । | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | मंसिर १५ सम्म |
| ६ | हरेक वडाबाट ५ जना युवा महिलालाई मनोसामाजिक परामर्शकर्ताहरुको लागि तालिम सञ्चालन गर्ने । | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | २०७८ बैशाख भित्र |
| ७ | महिलाहरुको लागि अत्यावश्यक स्यानीटरी प्याडको व्यवस्थापन र भण्डारण गर्ने । | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | २०७७ मंसिर मसान्त |
| ८ | महिला बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुका लागि १० कोठे आवास गृह निर्माणका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने । | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | २०७८ बैशाख |

**६.३.३ आपतकालीन प्रतिकार्य योजना**

विपद्को समयमा प्रभावितहरूको संरक्षणका लागि यस क्षेत्रले अन्य क्षेत्रसँग समन्वय गरी देहायअनुसार कार्य गर्नेछः

| संरक्षण विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना | | | |
|---|---|---|---|
| अवधि | प्रतिकार्यका क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि |
| ० देखि २४ घण्टा | संरक्षण क्लष्टरको आकस्मिक बैठक वस्ने | महिला तथा बालबालिका शाखा | तत्काल |
| | प्रभावित महिला, बालबालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको प्रारम्भिक तथ्याङ्क संकलन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन शाखा | तत्काल |
| | हराईरहेका बालबालिकाहरुको खोज तथा उद्धार क्लष्टरसँग समन्वय गरी खोजी गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको प्राथमिकताका साथ उद्धार गर्न समन्वय गर्ने | खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्र, संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा राख्ने | संरक्षण विषयगत क्षेत्र, आवास तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको तयारी खाना पुगे नपुगेको भेदभाव भए नभएको सुनिश्चित गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल अवाश्यकता अनुसार |
| | एम्बुलेन्स सेवा, आपतकालीन प्राथमिक उपचार र घाइतेका लागि यातायात व्यवस्था भए नभएको निरीक्षण गर्ने । | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | खोज तथा उद्धार, सूचना र समन्वय विषयगत क्षेत्र, संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई तत्काल आवश्यक पर्ने राहत सामग्री उपलब्ध गराउन सहजिकरण गर्ने । विशेषगरी अति जोखिममा रहेको समूहलाई केन्द्रित गर्ने । | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | घाइतेहरुको प्राथमिक उपचारका लागि स्वास्थ्य, खानेपानी सरसफाइ तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | संरक्षण विषयगत क्षेत्र | तत्काल |

| | | | |
|---|---|---|---|
| २४ घण्टादेखि ७ दिन | संरक्षण विषयगत क्षेत्रको बैठक बसी परिस्थितिको अद्यावधिक गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | प्रारम्भिक द्रूत लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | सरकारी तथा गैरसरकारी तथा मानवीय सहयोगमा समर्पित संघ संस्थाहरुसँग समन्वय गरी राहत प्याकेज खडा गरी आपतकालीन राहत वितरण गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | अस्थायी शिविरहरु बालमैत्री, महिला मैत्री र अपाङ्गमैत्री भए नभएको सुनिश्चित गर्ने | संरक्षण विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | यथाशिघ्र प्रारम्भिक द्रुत लेखाजोखाको विवरण सम्वन्धित सरोकारवालाहरुलाई जानकारी दिने । | संरक्षण विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई आवश्यकता अनुसार औषधी, पोषण सामाग्री, खाद्यान्न तथा नगद वितरण गर्न सहजिकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावित स्थानमा वा शिविर सञ्चालन भएको स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने साथै महिलाको विशेष संरक्षणको व्यवस्था मिलाउन सहजिकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावितहरुको लागि तत्काल आवश्यक पर्ने खाद्यान्न लगायत न्यूनतम मानविय सहयताका सामग्री जुटाउन सहजिकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित, स्थिति नियन्त्रणमा नआउँदासम्म |
| | विपद् प्रभावितहरुको बहुमुल्य सरसमानको सूरक्षा गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थिति नियन्त्रणमा नआउँदासम्म |
| | प्रभावित महिला, बालबालिका तथा किशोरकिशोरीहरुलाई हुन सक्ने हिंसा, यौनहिंसा सम्वन्धि निगरानी समूह मार्फत विवरण राख्ने | संरक्षण विषयगत क्षेत्र | स्थिति नियन्त्रणमा नआउँदासम्म |
| ७ दिन देखि महिना दिन सम्म | प्रभावित महिला, बालबालिका तथा किशोर किशोरीहरुलाइ दुरुपयोग र बेचविखन हुन सक्ने पक्षवारे जनचेतना अभिवृध्धि गर्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिनदेखि नियमित १५ दिन |
| | हराएका छुट्टिएका बालबालिकाहरु छन् भने आमाबाबुसँग पुनर्मिलन गराउने | संरक्षण विषयगत क्षेत्र | उपलब्ध भएको ७ दिन भित्र |
| | सुरक्षित गृहको व्यवस्था गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | मनोसामाजिक समस्या भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई मनोसामाजिक परामर्श दिने | संरक्षण विषयगत क्षेत्र | नियमित, स्थिति नियन्त्रणमा नआउँदासम्म |
| | स्थानीय क्लव, निगरानी समूह, गाउँपालिका र नेपाल प्रहरीले निरन्तर बाहिरबाट आउने व्यक्तिहरु माथि निगरानी राख्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |
| | निरन्तर निगरानी, जनचेतना अभिवृद्धि, अनुगमन र मुल्याङ्कन गरी आवश्यकता अुनसार थप सहयोग गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित, स्थिति नियन्त्रणमा नआउँदासम्म |
| | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप प्रतिकार्य भए नभएको समीक्षा गरी प्रतिवेदन तयार गर्न विपद् व्यवस्थापन सम्पर्क व्यक्तिलाई जिम्मेवारी दिने । | संरक्षण विषयगत क्षेत्र | घटना घटेका १ महिना पछि |

### ६.४ शिक्षा विषयगत क्षेत्र

**क्षेत्रगत अगुवाः राप्ती गाउँपालिका शिक्षा शाखा**

शिक्षा आर्जन गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो र विपद्‌बाट उत्पन्न हुने आपतकालीन समयमा पनि शिक्षा प्राप्त गर्ने शिक्षार्थीको लागि विशेष प्रबन्ध गर्नु राज्यको दायित्व मानिएको छ । अतः स्थानीय विपद् व्यवस्थापन समितिले शिक्षा क्षेत्रको भूमिका तथा दायित्वलाई कार्ययोजनामा समेट्ने कार्य गरेको छ ।

**विपद् पछिको परिदृश्य**

- विद्यार्थी विस्थापित तथा प्रभावित हुने अनुमान गरिएको छ,
- प्रभावित तथा विस्थापित विद्यार्थीहरूमा मानसिक तनाव हुने, मनोसामाजिक समस्या हुनसक्ने देखिन्छ,
- विद्यार्थी शिक्षाको अवसरबाट बञ्चित हुने, पाठ्यपुस्तक र स्टेशनरी आदि नष्ट हुने भएकाले शिक्षा आर्जनको माध्यम अबरुद्ध हुनेछ,
- विद्यालय संरचना नष्ट हुने र शिक्षक र विद्यार्थीको मृत्यु हुन सक्ने सम्भावना रहनेछ ।
- विपद्‌मा अभिभावक गुमाएका बालबालिकाहरुले विद्यालय छोड्ने दर एक्कासी बृद्धि हुन सक्छ ।

**शिक्षा विषयगत क्षेत्रगत उद्देश्य**

विपद् प्रभावित तथा विस्थापित विद्यार्थी र अस्थायी आवासको रूपमा उपयोग भएका विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित अध्ययन वा पठनपाठन गर्न पाउने अधिकारको प्रत्याभूति गर्दै आपतकालीन समयको लागि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु तथा आवश्यक सहयोग उपलब्ध गराउनु यस क्षेत्रको उद्देश्य हुनेछ ।

**आपतकालीन प्रतिकार्य योजना**

विपद्‌को समयमा आपतकालीन शिक्षा विषयगत क्षत्रको लागि देहायअनुसार आपतकालीन कार्य गर्ने निर्धारण गरिएको छः

| शिक्षा विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना | | | |
|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | शिक्षा विषयगत शाखाको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | तत्काल |
| | वि.व्य.स. र शैक्षिक सरोकारवालासँग समन्वय गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | तत्काल |
| | प्रभावितहरुको शिघ्र उद्धार कार्यमा खोज तथा उद्धार, सूचना र समन्वय विषयक्षेत्रलाई सहयोग गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | तत काल अवाश्यकता अनुसार |
| | जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा ल्याउन खोज उद्धार, सूचना र समन्वय कार्यदललाई सहयोग गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | तत्काल |
| | स्थानीय विपद् व्यवस्थापन समितिले खटाएको ठाउँमा सदस्यहरु परिचालन गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | तत्काल |
| | सामान्य घाइतेहरुको प्राथमिक उपचार र गम्भिर अवस्थाका घाइतेहरुलाई अस्पताल पठाउन सहयोग गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | तत्काल |

| | | | |
|---|---|---|---|
| २४ घण्टा देखि ७ दिन सम्म | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक तथ्याङ्क संकलन गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | आवश्यकता अनुसार |
| | शिक्षा विषयगत क्षेत्रको आपतकालीन बैठक वोलाउने | गाउँपालिका शिक्षा क्षेत्र | तत्काल निरन्तर |
| | आवश्यकता अनुसार समुदायमा मनोसामाजिक परामर्श कार्यशा( ला सञ्चालन गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | प्रभावित शिक्षक विद्यार्थीहरुको तथ्याङ्क संकलन गरी अभिलेख तयार गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | पूर्णरुपमा नष्ट भएका विद्यालय भवनको अभिलेख तयार गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | |
| | अस्थाई सिकाई केन्द्र निर्माणका लागि श्रोत साधनको परिचालन गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | घटना घटेको दिनदेखि नियमित १५ दिन सम्म |
| | शिक्षकहरुका लागि आपतकालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | घटना घटेका १ हप्ता पछि |
| | अस्थाइ सिकाई केन्द्रहरुमा छात्रा विद्यार्थीहरुमाथि हुन सक्ने हिंसा न्यूनीकरणका लागि शिक्ष अभिभावक संघका अध्यक्षको संयोजकत्वमा विद्यालय सुरक्षा संयन्त्र निर्माण गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | घटना घटेका १ हप्ता पछि |
| ७ दिन देखि महिना दिन | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | गाउँपालिका शिक्षा क्षेत्र | घटना घटेको दिनदेखि नियमित १५ दिन सम्म |
| | बालबालिकाहरुलाई विद्यालयमा फर्किन अभिभावकहरुसँग समुदायमा छलफल गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | घटना घटेको दिनदेखि नियमित १० दिन सम्म |
| | पेशागत संघ सँगठनका प्रतिनिधिहरुसँग विद्यालय सञ्चालनका लागि अन्तरक्रिया गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | विपद् प्रभावित विद्यार्थीहरुको आस्था र आवश्यकता अनुसार विद्यालय पोषाक, पाठ्यपुस्तक र स्टेशनरीका सामग्रीहरु वितरण गर्न विभिन्न सरोकारवाला निकायसँग समन्वय गर्ने । | गाउँपालिका शिक्षा क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |
| | बालबालिकाहरुका लागि मनोरञ्जनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने<br>विद्यालयमा डेस्क वेन्च, शौचालय, खानेपानीको अस्थायी व्यवस्था मिलाउने | विद्यालय, वि.व्य.स. | विद्यालय खुलेको १ हप्ता<br>घटना घटेका ७ दिनपछि |
| | विद्यालयमा जाने आउने बाटोहरु विग्रेको छ भने मर्मत सुधार गर्ने | विद्यालय वि.व्य.स., समुदाय | विद्यालय खोल्नु भन्दा १ हप्ता पहिले |
| | गम्भिर प्रकृतिको अवस्था बाहेक विपद्को १० दिनबाट विद्यालय सञ्चालन गर्न आव्हान गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | विपद्को १० दिनपछि |

**प्रतिकार्यका लागि पूर्वतयारी**

आपतकालीन शिक्षा क्षेत्रले आपतकालीन प्रतिकार्य योजनाको कार्यान्वयनको लागि समितिसँग समन्वय गरी देहायअनुसार पूर्वतयारी गर्नेछः

| शिक्षा विषयगत क्षेत्रको प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | |
|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारी कृयाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | सुरक्षित र कम जोखिमयुक्त स्थानमा विद्यालय भवन निर्माण गर्न सहजिकरण गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | नियमित |
| २ | गाउँपालिका भित्रका सबै विद्यालयमा विद्यालय विपद् व्यवस्थापन समिति निर्माण गर्न सहजिकरण गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | २०७८ वैशाख |
| ३ | हरेक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोक्ने | गाउँपालिका शिक्षा क्षेत्र | २०७७ मंसिर मसान्त भित्र |
| ४ | संकटासन्न विद्यालयहरुको लगत संकलन गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | २०७७ मंसिर मसान्त भित्र |
| ५ | अस्थायी सिकाई केन्द्र निर्माणका लागि सुरक्षित स्थानको पहिचान र सूचीकरण गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | २०७७ मंसिर मसान्त भित्र |
| ६ | हरेक विद्यालयमा प्राथमिक उपचार कक्ष र प्राथमिक उपचार सामग्रीको व्यवस्थापनका लागि स्वास्थ्य, खानेपानी सरसफाइ र पोषण विषयगत क्षेत्र (Cluster) सँग समन्वय गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | २०७७ माघ |
| ७ | विभिन्न संघसंस्था, एम्बुेलन्स, सुरक्षा निकाय, स्थानीय सरकार तथा जिल्लास्थित कार्यालयको सम्पर्क विवरण तयार र अद्यावधिक गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | २०७७ मंसिर मसान्त भित्र |
| ८ | हरेक विद्यालयको गैरसंरचनात्मक जोखिम अल्पिकरण गर्न वि.व्य.स.सँग समन्वय गर्ने | वि.व्य.स., विद्यालय | २०७७ मंसिर |
| ९ | हरेक विद्यालयमा प्रकोप पात्रो निर्माण गरी विद्यालय, शिक्षक र समुदायमा विपद् सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने | विद्यालय, शिक्षा क्षेत्र | २०७७ मंसिर |
| १० | अस्थाई सिकाईकेन्द्र निर्माणका लागि आवश्यक त्रिपाल, जस्तापाता लगायतको व्यवस्थापन र भण्डारण गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | २०७८ बैशाख मसान्त |

### ६.५ आवास तथा गैरखाद्य विषयगत क्षेत्र

**क्षेत्रगत अगुवाः राप्ती गाउँपालिका उपाध्यक्ष**

विपद्को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको महत्वपूर्ण पक्ष खाना, नाना र छाना हो । आवास तथा गैरखाद्य विषयगत क्षेत्रले विपद् प्रभावित व्यक्तिहरुलाई न्यूनतम मापदण्ड अनुसारको आवास लगायतका आधारभूत सेवा उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र यसमा सिमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपतकालीन आश्रय स्थलमा राख्नु पर्ने हुन्छ । यसको लागि अस्थायी रूपमा विद्यालय, मन्दिर, स्थानीय तहका भवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि राख्नुपर्ने भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओढ्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने भाँडावर्तन र इन्धनको व्यवस्था गर्नु पर्ने हुन्छ । आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि उल्लेखित मानवीय सेवा उपलब्ध गराउँछ ।

**विपद् पछिको सम्भावित परिदृश्य**

- विपद्बाट सङ्कटासन्न वडाका अधिकांश गाउँ संकटमा हुनेछन् ।
- मानिसहरूको मृत्यु भएर आफ्नो ज्यान जोगाउन भागाभाग गर्नेछन् ।
- विस्थापित आफ्नो परिवारका सदस्यहरू तथा बालबच्चा खोज्दै, रुँदै कराउँदै खाली हात हुनेछन् ।
- विपद् भएको केही समयपछि उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्था देखिनेछ ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति तथा परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिविरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- खाद्यान्न पूरै नष्ट हुने सम्भावना भएकोले पूरै जनसंख्यामा खाद्यान्न अभावको चपेटामा पर्नेछ ।
- विशेषगरी बालबालिका, जेष्ठ नागरिक र बिरामी तथा गर्भवती महिलाहरु अरु बढी समस्यामा पर्नेछन् ।
- जीविकोपार्जनका बैकल्पिक उपायको अभाव हुनेछ ।
- बाढीबाट अधिकांश गाउँ प्रताडित भएर मानिस मृत्यु भई सहयोगको याचना गरिरहेका हुनेछन् ।
- घरबार नष्ट भएर झरी, हिलो र चीसो जमिनमा दिन रात बिताउन बाध्य भइरहेको देखिनेछ ।
- विद्यालयका कक्षाकोठा, प्रहरी चौकी, स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना, सामुदायिक तथा संस्थागत स्थानमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा चुनौती र समस्या देखा पर्नेछन् ।
- बाढीले घर, धनमाल र खाद्यान्नसमेत बगाएर विस्थापित भएका मानिस खाद्यान्नको चर्को समस्यामा पर्नेछन् ।

**क्षेत्रगत उद्देश्य**

आवास तथा गैरखाद्य विषयगत क्षेत्रको प्रमुख उद्देश्य विपद्बाट प्रभावित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने आवास, खाद्यसामग्री, लताकपडा उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ ।यस क्षेत्रका अन्य उद्देश्य देहायअनुसार रहेका छन्ः

- विपद्मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमा, दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।
- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडाकुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु ।

**आपतकालीन प्रतिकार्य योजना**

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विना भेदभाव आवास तथा गैरखाद्य सामग्री उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः ।

| आवास तथा गैरखाद्य विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना | | | |
|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | गैर खाद्य र आवास क्लष्टरको आकस्मिक बैठक वोलाउने र घटनाको अवस्था विश्लेषण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र, अगुवा निकाय | तत्काल |
| | प्रभावितहरुलाई तत्काल सुरक्षित स्थलमा पुर्‌याउने | सुरक्षा निकाय, आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | प्राथमिक उपचारको व्यवस्था गर्ने | राप्ती गाउँपालिका, स्वास्थ्य शाखा,आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | प्रभावितलाई कम्वल, ओढ्ने ओछ्याउने सामग्रीहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | पुनर्स्थापितहरुको वर्गिकरण गरी पुनर्स्थापना केन्द्रमा पठाउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | तत्काल शिविरको व्यवस्थाको चांजोपांजो मिलाउनुपर्ने | राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | स्थिति साम्य नहुञ्जेल |
| | अपाङ्गता भएका व्यक्तिहरुलाई ह्विल चेयर लगायतका सहायता सामग्रीहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | आवश्यकता अनुसार नियमित |
| | पुनर्स्थापना केन्द्रहरुमा लत्ता कपडा, भाँडावर्तन, कम्बल, म्याट जस्ता सामग्रीहरु वितरण गर्ने । | गाउँपालिका, उद्योग बाणिज्य संघ | तत्काल |
| | प्रभावितलाई न्यानो कपडा, महिलाको लागि आन्तरिक कपडा, स्यानीटरी प्याडको व्यवस्था गर्ने, बालबालिकाको लागि भोटो, टोपी वितरण गर्ने | गाउँपालिका, उद्योग बाणिज्य संघ, गैससहरु | नियमित |
| | गर्मी मौसममा झुलको वितरण गर्ने र जाडो मौषममा न्यानो कपडा वितरण गर्ने । | गाउँपालिका, उद्योग बाणिज्य संघ | स्थिति सहज नहुँदासम्म |
| २४ घण्टा देखि ७ दिन | क्षतिको सूचना तथा तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक द्रूत लेखाजोखाको (Initial Rapid Need Assessment-IRNA) प्रतिवेदन अध्ययन गर्ने र सो अनुरुप आगामी नयाँ कार्यक्रम सहित निर्णय लिने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | थप प्रभावितहरुलाई अस्थाई आश्रय केन्द्रहरुमा पठाउने कार्यलाई निरन्तरता दिने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | आश्रयस्थलमा शौचालय, खानेपानी, औषधि उपचारको व्यवस्थापनका लागि स्वास्थ्य, खानेपानी सरसफाइ र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | आश्रयस्थलमा खाद्यान्न आपुर्तिको लागि खाद्य तथा कृषि विषयगत क्षेत्रसँग सहकार्य गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको दिन बाट |
| | प्रभावितहरुको लागि आवश्यक पर्ने भाँडावर्तनहरु, दाउरा तथा ग्याँस चुलो वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | अपाङ्गता भएका, एकल महिला र पुरुषको अलग र विशेष प्रकारको आश्रयस्थलको प्रबन्ध मिलाउने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | विपद्को त्रासदीपुर्ण अवस्थाबाट आघात भएका मानिसहरुलाई आश्रयस्थलमै मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्थाका लागि संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |

| | | | |
|---|---|---|---|
| | आवश्यकता अनुसार डिग्नीटी किट, बेबी किटहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुँदासम्म नियमित |
| | खाद्य तथा आवासको अनुगमन गरी आवश्यकता अनुसार थप सामग्रीहरु उपलव्ध गराउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ७ दिनदेखि १५ दिन को बीच |
| | आवश्यकता अनुसार प्रभावितहरुलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटनाको ७ दिन देखि १५ दिनभित्र |
| ७ दिन देखि महिना दिन | पुनर्स्थापितहरुलाई स्थायी बसोबासका लागि सिफारिस गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिनदेखि नियमित १५ दिनसम्म |
| | बालबालिकाहरुको शैक्षिक निरन्तरताका लागि राप्ती गाउँपालिका शिक्षा शाखा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको १५ दिन देखि महिना दिन |
| | व्यवस्थित बस्ती विकास गर्न प्राविधिक अध्ययनका लागि सिफारिस गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | १ महिना पछि |
| | भौतिक संरचना पुनर्निर्माणमा आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता महासंघ लाई सिफारिस गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |

**प्रतिकार्यका लागि पूर्वतयारी**

आपतकालीन आवास तथा गैरखाद्य विषय क्षेत्रले आपतकालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि देहायअनुसार पूर्वतयारी गर्नेछः

| **आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र** | | | |
|---|---|---|---|
| **क्र. सं.** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्रको नियमित बैठक बसी आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री उपलब्धताका क्षेत्रहरुको पहिचान गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | हरेक महिनाको १० गते |
| २ | विषयगत क्षेत्रका निकायहरुबीच जिम्मेवारी बाँडफाँड गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | २०७७ मंसिर मसान्त भित्र |
| ३ | बाढी आउनु पूर्व मौसम विभागसँग सर्म्पक राखी मौसम सम्वन्धी सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने, आवश्यक हातेमाइक र साइरनहरु व्यवस्था गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | २०७७ चैत मसान्त भित्र |
| ४ | सुरक्षित आवासस्थलको पहिचान र सूचीकरण गरी राख्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | २०७७ पौष मसान्त |
| ५ | सुरक्षित आश्रयस्थल (सेफ सेल्टर) निर्माण गर्नको लागि आवश्यक पर्ने दक्ष जनशक्ति र आवश्यक सामाग्रीहरु त्रिपाल, किला, काँटी, डोरी, तयारी अवस्थामा राख्ने | राप्ती गाउँपालिका, राजनीतिक दलहरु | निरन्तर |
| ६ | लत्ताकपडा, ज्याकेट, टर्च, ग्याँस चुलो, भाँडावर्तन, झुल, प्लाष्टिक, कम्वल, ओढ्ने ओछ्याउने खरिद गरी भण्डार गरी राख्ने करीब ४५० घर परिवारलाई | गाउँपालिका, उद्योग बाणिज्य संघ | निरन्तर |
| ७ | अपाङ्गता भएका व्यक्तिहरुको लागि ह्वील चेयर, चस्मा, लौरो जस्ता सामाग्रीहरु भण्डार गरी राख्ने | गाउँपालिका, उद्योग बाणिज्य संघ | निरन्तर |
| ८ | डिग्नीटी किट, बेबी किटहरु संकलन गरी भण्डार गरी राख्ने | राप्ती गाउँपालिका महिला तथा बालबालिका शाखा, आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | निरन्तर |

### ६.६ खाद्य तथा कृषि विषयगत क्षेत्र

**विपद्को सम्भावित परिदृष्य्:**

- प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी,
- खाद्यान्न प्रतिको घट्दो पहुँच,
- विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा गम्भीर भएको तीव्र खाद्य असुरक्षा हुने ।
- कृषि बालीमा ब्यापक क्षति, जीविकोपार्जनमा क्षति, बालीनालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीतिमा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको खाद्य असुरक्षा ।

**क्षेत्रगत उद्देश्य : .**

- प्रभावित व्यक्तिहरूका लागि समयमा नैं खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।
- प्रभावितहरुको खाद्यसुरक्षाका लागि अन्तरनिकाय समन्वय छलफल गर्ने,
- आपतकालीन अवस्थामा प्रभावितहरुको लागि यथाशिघ्र खाद्यान्न उपलब्ध गराउने,
- जीवनरक्षा सम्बन्धी रणनीतिहरूका लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने,
- दीर्घकालीन रुपमा पारीवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने । .
- पारीवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery) तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने ।

**आपतकालीन प्रतिकार्य योजना**

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामग्री उपलब्ध गराउनु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः

| **खाद्य तथा कृषि विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना** | | | |
|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | खाद्य तथा कृषि क्लष्टरको आकस्मिक बैठक बसी घटनाको परिवेशबारेमा छलफल गर्ने । | राप्ती गाउँपालिका कृषि विकास शाखा | तत्काल |
| | खाद्य तथा कृषि विषयगत क्षेत्रको अगुवाईमा सूचना संकलन तथा सहयोगा डेस्क स्थापना गर्ने | राप्ती गाउँपालिका कृषि विकास शाखा | तत्काल |
| | विपद्बाट प्रभावितहरुकोलागि तत्कालको लागि चाउचाउ, बिस्कुट, चिउरा, दालमोठ वितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | महिला, बालबालिका र जेष्ठ नागरिकको लागि बिस्कुट, लिटो, दुध वितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | खाद्य सामाग्रीहरु वितरण गर्दा मिति नसकिएको, राम्ररी प्याक गरिएको र हावा नछिरेको सामग्रीहरु वितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको लागि पोषणयुक्त खाना पुगे नपुगेको सुनिश्चित गर्ने | कृषि तथा खाद्य विषयगत क्षेत्र | अवाश्यकता अनुसार नियमित |
| | कृषि तथा खाद्य विषयगत क्षेत्रको राहत वितरण एकद्वार नीति अवलम्बन गर्न सबैलाई सचेत गराउने । | राप्ती गाउँपालिका, खाद्य तथा कृषि विषयगत क्षेत्र | नियमित |
| | विपद्ग्रस्त क्षेत्रमा अस्थाई राहत भण्डारण केन्द्र स्थापना गरी राहत उपलब्धतामा सर्वसुलभता कायम गर्ने । | राप्ती गाउँपालिका, कृषि विकास शाखा | स्थिति सहज नहुँदासम्म |
| | गर्भवती, सुत्केरी, १ वषभित्रका शिशु र ७५ वर्षभन्दा माथिल्लो उमेर समूहका जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गरी उनीहरुको लागि छुट्टै खानाको व्यवस्थापन र वितरण गर्ने । | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुँदासम्म निरन्तर |

| | | | |
|---|---|---|---|
| २४ घण्टादेखि ७ दिन | क्षतिको सूचना तथा तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक द्रूत लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | कृषि तथा पशुधनको क्षति मुल्याङ्कन गरी मृत पशु व्यवस्थापनका लागि पशुशाखासँग अनुरोध गनै । | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | खाद्यान्न सहयोग आव्हान गरी क्षतिको अवस्था हेरी राहत वितरणका लागि गाउँपालिकालाई सिफारिस गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | महिला, बालबालिका र जेष्ठ नागरिकको लागि अण्डा, लिटो, दुध, जुस, फलफुल उपलव्ध अनुसार वितरण गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | वितरण कार्य व्यवस्थित गर्न स्वयंसेवकहरुलाई परिचालन गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | आवश्यकता अनुसार खाद्य सामाग्री लगायत मासु उपलव्ध गराउने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | बीउ सुरक्षाका लागि विभिन्न सञ्चारका साधन मार्फत सूचना, जारी गरिरहने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | कृषि बीउविजन तथा पशुजन्य सहयोग गरी कृषि उत्पादन पुनर्स्थापना गर्न सहयोग गर्ने । | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुँदासम्म नियमित |
| | विपद्बाट प्रभावितहरुको विस्तृत तथ्याङ्क संकलन गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | ७ दिनदेखि १५ दिन को बीच |
| | राहत प्रदान गर्ने निकायहरुसँग समन्वय गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावितहरुको लागि परिचय पत्र वितरण गर्ने कार्य गर्ने | राप्ती गाउँपालिका | ७ दिनदेखि |
| | खाद्यान तथा विशेष अवस्थाका प्रभावितहरुलाई आवश्यकता अनुसार बैंकमार्फत नगद हस्तान्तरण गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ दिनसम्म |
| | आवश्यकता अनुसार थप खाद्यान्नको व्यवस्था गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | १५ दिनदेखि महिना दिनसम्म |
| | अनुगमन गर्ने र थप सुधारका कार्यहरु गर्ने | राप्ती गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | १५ दिनदेखि महिना दिनसम्म |

**खाद्य तथा कृषि विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी**

विपद्पूर्वको समयमा सम्भावित विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामग्री उपलब्ध गराउनु तथा बीउविजनको पूर्वतयारी गर्नु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः

| खाद्य तथा कृषि विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी | | | |
|---|---|---|---|
| क्र. सं. | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि |
| १ | खाद्य तथा कृषि विषयगत क्षेत्रको नियमित बैठक बसी विपद्को सम्भावित अवस्था विश्लेषण गर्ने । | खाद्य तथा कृषि विषयगत क्षेत्र | २०७७ मंसिर मसान्त भित्र |
| २ | राप्ती गाउँपालिका वार्ड नं. ३ र ५ मा कुल ५० टन क्षमताका खाद्य गोदाम स्थापना गर्ने | गाउँपालिका, प्रदेश सरकार | २०७७ चैत्र मसान्त भित्र |
| ३ | सम्भावित जोखिममा रहेका समुदायहरुको लगत तयार गर्ने । | राप्ती गाउँपालिकाका ९ वटै वडा कार्यालय | २०७७ पौष मसान्त भित्र |
| ४ | तरकारी तथा खाद्यान्न बालीको बीउ भण्डारण सुनिश्चित गर्ने । | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | आवश्यकता अनुसार निरन्तर |
| ५ | समयमै मलखाद तथा बिषादीको उपलब्धताको लागि सरोकारवालाहरुसँग समन्वय गर्ने । | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | निरन्तर |
| ६ | गाउँपालिका भित्रका जोखिमपूर्ण सिंचाई योजनाहरुको लगत लिई मर्मत तथा पुननिर्माणका लागि पहल गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | २०७७ फागुन मसान्त भित्र |
| ७ | गाउँपालिका भित्रका ९० जना कृषकहरुलाई चार चरणमा सम्पन्न गर्ने गरी बीउ उत्पादन तथा सुरक्षित बीउ, खाद्यान्न भण्डारण तालिम सञ्चालन गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र, जिल्ला कृषि ज्ञान केन्द्र | नियमित |
| ८ | खाद्यान्न तथा बीउविजनको अस्थाई भण्डारणको लागि सुपरग्रीन ब्यागको व्यवस्था गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र, सुपर जोन क्वारेन्टाइन | २०७७ चैत्र |
| ९ | सम्भावित महामारीको क्षति आँकलन गर्न अनुगमन चुस्त गरी सूचना सम्प्रेषण गर्ने अनुगमन संयन्त्रको विकास गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र, कृषि ज्ञान केन्द्र | २०७७ माघ |

### ६.७ राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगतक्षेत्र

**क्षेत्रगत अगुवाः राप्ती गाउँपालिका उपाध्यक्ष**

विपद्को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको महत्वपूर्ण पक्ष खाना, नाना र छाना हो । राहत, पुनर्स्थापना तथा पुननिर्माण विषयगत क्षेत्रले विपद् प्रभावित व्यक्तिहरुलाई न्यूनतम मापदण्ड अनुसारको आवास लगायतका आधारभूत सेवा उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र यसमा सिमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको प्रमुख भूमिका रहन्छ ।

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपतकालीन आश्रयस्थलमा राख्नु पर्ने हुन्छ । यसको लागि अस्थायी रूपमा विद्यालय, मन्दिर, स्थानीय तहका भवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि राख्नुपर्ने भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने भाँडावर्तन र इन्धनको व्यवस्थापनका लागि सम्बन्धित क्षेत्रगत निकायसँग समन्वय गर्नु पर्ने हुन्छ । यस विषयगत क्षेत्रको भूमिका बिग्रेभत्केका भौतिक संरचनाहरुको मर्मत सम्भारदेखि नयाँ निर्माणसम्म रहन्छ । प्रभावितहरुको जीविकोपार्जनको पुनर्स्थापना देखि लिएर विपद्मा हराएका नष्ट भएका दस्तावेजहरुको पुननिर्माणसम्मका गतिविधिहरुमा यस विषयगत क्षेत्रले सहजिकरण गर्नेछ ।

**विपद् पछिको सम्भावित परिदृश्य**

- विपद्बाट अधिकांश मानिसहरु संकटमा हुनेछन् ।
- मानिसहरूको मृत्यु भएर आफ्नो ज्यान जोगाउन भागाभाग गर्नेछन् ।
- प्रभावितहरुको गाँस बासको अवस्था टुटेको हुनेछ ।
- विपद् भएको केही समयपछि उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्थामा पुनर्स्थापनाको अभावले छटपटिइ रहनेछन् ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति तथा परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिविरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
